जेठ – १

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३१, अङ्क ३ | २०७९ जेठ १-१५ | पूर्णाङ्क ७१७



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	- अध्यक्ष
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	- सदस्य
मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत	- सदस्य
नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	- सदस्य
रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत	- सदस्य
अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन	- सदस्य
अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन	- सदस्य
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	- सदस्य
सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	- सदस्य सचिव

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री भीमराज घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

नायब सुब्बा श्री निलदेव रिजाल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

इजलास नं. १	११
इजलास नं. २	३
इजलास नं. ३	२
इजलास नं. ४	३
इजलास नं. ५	३
इजलास नं. ६	२
इजलास नं. ७	३
इजलास नं. ८	३
जम्मा	**३०**

इजलास नं. ९	२
इजलास नं. १०	२
इजलास नं. ११	२
इजलास नं. १२	२
इजलास नं. १५	१
जम्मा	**९**

कूल जम्मा ३० + ९ = ३९

नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७९, जेठ – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन" को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
इजलास नं. १			**१ – १४**
१.	मोटरसाइकल चोरी	नेपाल सरकार वि. सुनिल राय पटेलसमेत	१
२.	डाँका चोरी	सुरज बैठा धोवी वि. नेपाल सरकार, नेपाल सरकार वि. सुरूज बैठा धोवीसमेत	२
३.	अंश चलन	बालकृष्ण श्रेष्ठसमेत वि. मनमाया श्रेष्ठसमेत	३
४.	दूषित लिखत दर्ता बदर	राधादेवी थापासमेत वि. अग्नीमाया श्रेष्ठसमेत	४
५.	जग्गा खिचोला चलन	ध्रुबकुमार भट्टराई वि. ओमकार भट्टराई	५
६.	उत्प्रेषण, परमादेशसमेत	राजकुमार कोरी वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौँसमेत	६
७.	भ्रष्टाचार (घुस / रिसवत)	रामराज यादव वि. नेपाल सरकार	७
८.	अंश चलन	हरिप्रसाद सिल्पकार वि. श्याम सिल्पकार	८
९.	गुठी कायम गरेको निर्णय बदर	आशामाया महर्जन वि. गुठी संस्थान, केन्द्रीय कार्यालय, काठमाडौंसमेत	१०
१०.	जबरजस्ती करणी	नेपाल सरकार वि. कुलबहादुर वि.क., कुलबहादुर वि.क. वि. नेपाल सरकार	११
११.	कर्तव्य ज्यान	लोकेन्द्रबहादुर पुजारा वि. नेपाल सरकार	१३
इजलास नं. २			**१४ – १९**
१२.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. भगवतीदेवी साउदसमेत	१४
१३.	कर्तव्य ज्यान र डाँका	राजु शाह वि. नेपाल सरकार, रंजित साह गुप्ता सोनार वि. नेपाल सरकार	१५

१४.	मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणी	नेपाल सरकार वि. राजन बलामी	१८
इजलास नं. ३			**१९ – २३**
१५.	उत्प्रेषणयुक्त परमादेश	रत्ना थापा वि. विश्वबन्धु थापासमेत	१९
१६.	लिखत बदर दर्ता बदर	सौखीदास तत्मा वि. शिव दयाल यादव	२१
इजलास नं. ४			**२३ – २७**
१७.	कर्तव्य ज्यान	नेपाल सरकार वि. धनबहादुर भन्ने प्रमोसन बुढा	२३
१८.	बन्दी प्रत्यक्षीकरण	भुपेन्द्र गोराजु वि. उच्च अदालत पाटन, ललितपुरसमेत	२४
१९.	उत्प्रेषण मिश्रित परमादेश	वन अधिकृत यादवप्रसाद धिताल वि. निगाले सिमेन्ट प्रा.लि. मूर्तिढुङ्गा, धनकुटा	२६
इजलास नं. ५			**२७ – ३०**
२०.	अपहरण तथा कर्तव्य ज्यान	नेपाल सरकार वि. सोनुकुमार झासमेत, बुझाउन यादवसमेत वि. नेपाल सरकार	२७
२१.	घुस / रिसवत लिई भ्रष्टाचार गरेको	नेपाल सरकार वि. बुद्धिजङ्ग गुरूङ	२९
२२.	बन्दी प्रत्यक्षीकरण	सुरेन्द्र थापा वि. जिल्ला प्रहरी कार्यालय, सिन्धुलीसमेत	३०
इजलास नं. ६			**३० – ३२**
२३.	उत्प्रेषण	चन्द्र प्रकाश रोकाय वि. पूर्वाञ्चल विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालय, विराटनगर, मोरङ	३०
२४.	उत्प्रेषण	प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्समेत वि. भक्तपुर प्राविधिक तालिम केन्द्र प्रा.लि. समेत	३१

इजलास नं.७			३२ - ३६
२५.	नापी निर्णय टिप्पणी आदेश बदर मिलापत्र बदर दर्ता बदर सार्वजनिक कायम	वैधनाथप्रसाद गुप्ता वि. राजकुमार मोदीसमेत	३२
२६.	नकबजनी चोरी	नेपाल सरकार वि. सरोज यादवसमेत	३३
२७.	उत्प्रेषण / परमादेश	पार्वती कुर्मीनीसमेत वि. पुनरावेदन अदालत बुटवल, रूपन्देहीसमेत	३४
इजलास नं.८			**३६ - ३९**
२८.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. संजय चनसमेत	३६
२९.	कर्तव्य ज्यान	नेपाल सरकार वि. राजाराम तिमिल्सिना	३७
३०.	कर्तव्य ज्यान	नेपाल सरकार वि. मन्दिरा गुरूङ	३८

इजलास नं.९			४० - ४२
३१.	बन्दी प्रत्यक्षीकरण	पारस थापा वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत	४०
३२.	वित्तीय संस्था खारेज गरिपाऊँ	क्रिष्टल फाइनान्स लिमिटेड वि. नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय	४०
इजलास नं.१०			**४३ - ४६**
३३.	उत्प्रेषण, परमादेश	राममणी आचार्य वि. आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंसमेत	४३
३४.	उत्प्रेषण परमादेश	अनिता भुजु वि. निजामती किताबखाना, पुल्चोक, ललितपुरसमेत	४४
इजलास नं.११			**४६ - ५०**
३५.	भ्रष्टाचार (घुस / रिसवत)	पदमराज जोशी वि. नेपाल सरकार	४६

३६.	कर्तव्य ज्यान (जिउँदो बच्चा जन्माई फालेको)	नेपाल सरकार वि. कृष्ण योङहाङ्ग (लिम्बू), देवान याख्या (राई) वि. नेपाल सरकार	४८
इजलास नं.१२			**५० - ४१**
३७.	कर्तव्य ज्यान	नेपाल सरकार वि. धनबहादुर अयडी	५०
३८.	बन्दी प्रत्यक्षीकरण	नारायण खड्का वि. उच्च अदालत विराटनगर, इलाम इजलास	५०

इजलास नं.१५			**५१ - ५२**
३९.	मानव बेचबिखन तथा ओसारपसार	अनुप भन्ने निसान गुरूङ वि. नेपाल सरकार	५१

इजलास नं.१

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना, *०७१-CR-१५१३, मोटरसाइकल चोरी, नेपाल सरकार वि. सुनिल राय पटेलसमेत*

प्रतिवादी सुनिल राय पटेलले प्रतिवादी संजय साहसमेतसँग मिली को. ६ प. ५२५१ नं. को मोटरसाइकलको तार काटी लक खुलाई केही पर सडकमा ल्याएर आफूले हाँकी संजय साह पछाडि बसी प्रतिवादी सुन्दरलाल चौधरीलाई पुऱ्याउन जाने क्रममा बाटोमा पक्राउ परेको र प्रतिवादी संजय साह भाग्न सफल भएको भनी पोल गरेका र अर्का प्रतिवादी सुन्दरलाल चौधरीले समेत अनुसन्धानमा आफूले प्रतिवादी संजय साहसमेतलाई चोरीको मोटरसाइकल ल्याउन अह्राएको भनी साबित भई पोलसमेत गरेको अवस्थामा तीनैजना प्रतिवादीहरूलाई सजाय हुनुपर्ने हो । प्रतिवादी सुनिल पटेललाई यसअघि पनि चोरी गरेकोले पटकेमा सजाय गर्नुपर्ने भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, प्रतिवादी सुनिल राय पटेलले को. ६ प. ५२५१ नं. को चोरीको मोटरसाइकल हाँकिरहेको अवस्थामा पक्राउ परेको, अनुसन्धानमा निज साबित रहेको, अदालतमा आएर इन्कारी बयान गरे पनि अनुसन्धानको बयानलाई अन्यथा प्रमाणित गर्न नसकेकोसमेतबाट निजको संलग्नता रहेको तथ्य स्थापित भएको।

यस सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा प्रमाण ऐन, २०३१ को दफा १८ मा **"कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकीकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ"** भन्ने व्यवस्था उल्लेख भएको परिप्रेक्ष्यमा जाहेरवालाले अदालतमा आई बकपत्रसमेत गरेको देखिएन। अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा उक्त जाहेरीमा उल्लिखित सम्पूर्ण तथ्य प्रमाणयोग्य मान्न सकिन्न । प्रमाण ऐन, २०३१ को दफा २५ मा **"फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ"** भन्ने व्यवस्था रहेको छ । प्रस्तुत मुद्दामा वादीले प्रतिवादीहरू संजय साह र सुन्दरलाल चौधरीउपरको कसुर शंकारहित तवरबाट पुष्टि गर्न सकेको देखिएन। जाहेरी दरखास्त आफैँमा प्रमाण होइन यो त अपराधको सूचनासम्म हो।

सुनिल राय पटेललाई पटकेमा समेत सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको अभियोग दाबीदेखि प्रत्येक तहको पुनरावेदनमा जिकिर लिए पनि सोको ठोस प्रमाण पेस दाखिला गर्न सकेको देखिएन । पुनरावेदकतर्फबाट उल्लेख गरिएका मुद्दाहरू एकै प्रकृतिका मुद्दा रहेको देखिँदैन। प्रस्तुत मुद्दा फैसला हुनुभन्दा अगाडि फैसला भएको भनी पेस गरिएको मुद्दा नं.२७-०६५-००४२६ को नकबजनी चोरी मुद्दामा कसुरदार ठहर गरी फैसला भएको देखिन्छ। प्रस्तुत मुद्दा र उल्लिखित मुद्दा अलग प्रकृतिको रहेको देखिँदा पटके कायम

गर्न मिल्ने देखिँदैन । अन्य मुद्दाको हकमा प्रस्तुत मुद्दाभन्दा पछाडि फैसला भएका मुद्दा देखिएकोले पटकेमा सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर तथ्यसङ्गत नदेखिने।

प्रतिवादी सुनिल राय पटेललाई अभियोग दाबीबमोजिम चोरीको कसुरमा सजाय हुने र प्रतिवादीहरू संजय साह र सुन्दरलाल चौधरीउपरको कसुर शंकारहित तवरबाट पुष्टि हुन नसकेकोले निजहरूलाई सफाइ दिने र प्रतिवादी सुनिल राय पटेललाई पटकेमा सजाय गरिपाउँ भन्ने दाबी नपुग्ने गरी भएको फैसला अन्यथा नदेखिने।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल पुस २६ गते रोज २ शुभम्।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०६८-CR-०६७०, ०६८-CR-०८७३, डाँका चोरी, सुरज बैठा धोवी वि. नेपाल सरकार, नेपाल सरकार वि. सुरूज बैठा धोवीसमेत*

प्रमाण ऐन, २०३१ को दफा २८ मा ***"कुनै खास कुरा प्रमाणित गर्ने भार कुनै खास व्यक्तिको हुने छ भनी कुनै नेपाल कानूनमा व्यवस्था भएकोमा बाहेक त्यस्तो कुरा प्रमाणित गर्ने भार सो कुराको अस्तित्वमा अदालतलाई विश्वास दिलाउन चाहने व्यक्तिमाथि नै हुने छ"*** भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा प्रतिवादी सुरूज बैठा धोबीले कथित वारदातको दिन अन्यत्र छु भन्ने जिकिर लिएकोमा सो जिकिर प्रमाणित गर्ने भार पनि निज प्रतिवादीमा नै निहित रहेको हुन्छ । यसमा प्रतिवादीको साक्षीबाहेक अन्य कुनै यथेष्ट प्रमाणबाट निज अन्यत्र रहेको पुष्टि हुने प्रमाण मिसिल संलग्न नरहेको देखिँदा निज प्रतिवादीको मिति २०६४।२।२१ मा भएको वारदातमा प्रतिवादी सुरूज बैठा धोबीको कसुरमा संलग्नता थिएन भन्न मिल्ने नदेखिने।

मुलुकी ऐन, चोरीको महलको ५ नं. मा ***"बाटो घाटो वा जङ्गलमा ढुकी जबरजस्ती चोरी गरेको रहजनी ठहर्छ"*** भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा प्रतिवादीहरू सुरूज बैठा धोबी, नेमालाल राउत, छठू राय यादव, उमेश राय यादव र मुकेश राय यादव मिति २०६४।२।२१ गते राति ८:३० बजे वीरेन्द्र राजमार्ग बाटोमा बसी जो आउँछ उसैलाई चोरी गर्ने उद्देश्यले बाटो ढुकी बसेको भन्ने निज प्रतिवादी सुरूज बैठा धोबीको अनुसन्धान अधिकारीसमक्ष भएको बयानबाट देखिन आएको हुँदा निज प्रतिवादीहरूले चोरीको ५ नं.को रीतसँग मिल्ने गरी चोरी गरेको देखिएकोले उल्लिखित कानूनी व्यवस्थाको उल्लङ्घन गरेको होइन भन्न नमिल्ने।

वादी नेपाल सरकारको कुल बिगो रू. १,८१,६००।– कायम गरी सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, प्रतिवादी मुकेश राय यादवको घरबाट चोरी भएको मोटरसाइकल मात्र बरामद भएको स्थिति छ । जाहेरी बेहोरामा उल्लिखित नगद, सुन, मोबाइल यी प्रतिवादीहरूको साथबाट वा कहीँकतैबाट बरामद नभएको स्थितिमा केबल जाहेरीमा उक्त सामान चोरी भएको भनी दिएको जाहेरीको आधारमा मात्र बिगो कायम गर्नु न्यायोचित हुने

देखिएन। मुलुकी ऐन, चोरीको महलको १४(३) नं. बमोजिम रहजनी चोरी गर्नेलाई यसै महलको १२ नं. बमोजिम हुने सजायको दोब्बर बढाई सजाय गरी जरिवानाबापत समेत कैद गर्नुपर्छ र सोबमोजिम गर्दा छ महिनादेखि घटी कैद हुने भएमा ६ महिना कैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्थासमेतको आधारमा प्रतिवादी मुकेश राय यादवको घरबाट जाहेरवालाको बिगो रू.४५,०००।- पर्ने मोटरसाइकल मात्र बरामद भएकोले सो बराबर मात्र जरिवाना गर्ने गरी भएको फैसला मिलेकै देखिने।

प्रतिवादीहरू सुरूज बैठा धोबी, नेमालाल राउत, छठ्ठू राय यादव, उमेश राय यादव र मुकेश राय यादवले बाटो जंगलमा ढुकी जाहेरवालाहरूको मोटरसाइकल चोरी गरेको र निज प्रतिवादीहरूको साथबाट मोटरसाइकलबाहेक जाहेरीमा उल्लिखित अन्य कुनै सामान बरामद नभएको हुँदा अभियोग दाबीबमोजिमको बिगो कायम गरिपाउँ भनी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू सुरूज बैठा धोबी, नेमालाल राउत, छठ्ठू राय यादव, उमेश राय यादव र मुकेश राय यादवलाई सुरू रौतहट जिल्ला अदालतबाट मुलुकी ऐन, चोरीको महलको ६ नं.को कसुरमा ऐ.को १४(४) नं. बमोजिम सजाय गर्ने गरी मिति २०६५।९।१६ र मिति २०६८।२।११ को फैसलालाई केही उल्टी गरी प्रतिवादीहरूलाई मुलुकी ऐन, चोरीको महलको ५ नं. बमोजिमको कसुर गरेकोमा ऐ.को १४ नं. को देहाय ३ बमोजिम जनही ४ वर्ष २ महिना कैद गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६८।०६।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। वादी नेपाल सरकारको र प्रतिवादी सुरूज बैठा धोबीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल पुस २६ गते रोज २ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा, *०७३-CI-१६५१, अंश चलन, बालकृष्ण श्रेष्ठसमेत वि. मनमाया श्रेष्ठसमेत*

प्रमाण ऐन, २०३१ को दफा ६ को खण्ड (क) मा *"एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्ने छ"* भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। अन्यथा प्रमाणित नभएको अवस्थामा बाहेक अंशियारहरूमध्ये जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति सगोलको भनी मान्नुपर्ने उल्लिखित व्यवस्थाको परिप्रेक्ष्यमा सगोलको बन्डा लाग्ने भनी दाबी गर्नेले आफ्नो दाबी प्रमाणित गर्नुपर्ने र निजी हो बन्डा लाग्दैन भनी जिकिर लिनेले आफ्नो जिकिर प्रमाणित गर्ने दायित्व निर्वाह गर्नुपर्ने हुन्छ। प्रतिवादी सुभद्रादेवी श्रेष्ठले आफ्नो माइतीको सहयोगबाट विवादको घरजग्गा खरिद गरेको भनी उल्लेख गरेको देखिन्छ। वादी प्रतिवादीहरूको आमा मनमाया श्रेष्ठले समेत उक्त घरजग्गा खरिद गर्नका लागि कुनै पैतृक तथा सगोलको सम्पत्तिको प्रयोग नभएको भनी जिकिर लिएको पाइन्छ। साथै प्रतिवादी बद्रीप्रसादले २०४५ सालदेखि नै

भक्तपुरमा आई फोटो स्टुडियो सञ्चालनमार्फत आयआर्जन गरी बसेको भन्ने कुरामा वादीले अन्यथा भन्न सकेको अवस्था देखिँदैन। पुनरावेदक वादीमध्येका सुरेशकुमार श्रेष्ठले उक्त सम्पत्ति निजी आर्जनको बन्डा नलाग्ने स्वीकार गरी आफ्नो जिकिरलाई फिर्ता लिइसकेकोलगायतका मिसिल संलग्न कागज प्रमाणहरूबाट विवादको कि.नं.८९ को जग्गा र सोमा निर्माण भएको घरसमेत निजी आर्जनको भन्ने नै देखिने।

मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. मा कुनै अंशियारले आफ्नो ज्ञान, सिप वा प्रयासबाट आर्जन गरेको सम्पत्ति सो आर्जन गर्ने अंशियारको निजी ठहरी आफूखुसी गर्न पाउँछ भन्ने उल्लेख भएको देखिन्छ। विवादको कि.नं.८९ को जग्गा सगोलको सम्पत्ति भन्ने पुष्टि नभई मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रतिवादी बद्रीप्रसाद श्रेष्ठको निजी आर्जनको सम्पत्ति भन्ने पुष्टि भएकोले कानूनतः त्यस्तो सम्पत्ति प्रतिवादीले आफूखुसी गर्न पाउने बन्डा नहुने प्रकृतिको सम्पत्ति देखियो। यसर्थ, प्रतिवादी सुभद्रादेवी श्रेष्ठको नाम दर्ताको कि.नं. ८९ को जग्गा तथा सोमा बनेको घरसमेत बन्डा लाग्ने ठहराएको सुरू भक्तपुर जिल्ला अदालतको फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई उक्त कि.नं. ८९ को घर जग्गा प्रतिवादी बद्रीप्रसाद श्रेष्ठको निजी हुने भनी पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा मानिरहन सकिएन। वादीको पुनरावेदन तथा निजतर्फका कानून व्यवसायीहरूको बहस जिकिर र यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएका आधार र कारणहरूसँग समेत सहमत हुन नसकिने।

प्रतिवादी सुभद्रादेवी श्रेष्ठको नाम दर्ताको कि.नं. ८९ क्षेत्रफल ०००५९.८० वर्गमिटर जग्गा तथा सोमा बनेको घरसमेत बन्डा लाग्ने ठहराएको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०७१।०७।२६ को फैसला मिलेको नदेखिँदा सोहदसम्म उल्टी भई उक्त कि.नं. ८९ को घर जग्गा प्रतिवादी बद्रीप्रसाद श्रेष्ठको निजी हुने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।६।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत:- नबिन आचार्य

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७६ साल फागुन ११ गते रोज १ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा, *०७४-CI-०१७४, दूषित लिखत दर्ता बदर, राधादेवी थापासमेत वि. अग्नीमाया श्रेष्ठसमेत*

वादी प्रतिवादीहरूको विवादित घरजग्गाबाहेक अन्य कुनै सम्पत्ति नरहेको भन्ने यी वादी प्रतिवादीहरूले पेस गरेको फाँटवारीबाट देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा ६ को खण्ड (क) मा *"एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्ने छ"* भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। अन्यथा प्रमाणित नभएको अवस्थामा बाहेक अंशियारहरूमध्ये जुनसुकै अंशियारको नाममा

रहेको सम्पत्ति सगोलको भनी मान्नुपर्ने उल्लिखित व्यवस्थाको परिप्रेक्ष्यमा सगोलको बन्डा लाग्ने उक्त कि.नं.१३५ को सम्पत्ति वादीहरूलाई निरअंशी बनाउने किसिमले यी प्रतिवादीले लिखत गरिदिएको देखियो। यस स्थितिमा लगाउको जालसाजी मुद्दामा आज यसै इजलासबाट उक्त विवादित कि.नं. १३५ को जग्गा प्रतिवादी दिपेन थापा दिने अग्नीमाया श्रेष्ठ लिने भई जिना थापा साक्षी बसी र.नं. ९९८७(ख) मिति २०६६/१२/३ मा पारित गरेको रजिस्ट्रेसन लिखत जालसाजी ठहरी फैसला भएको अवस्था छ । उक्त जालसाजी मुद्दामा लिइएका आधार कारणहरूसमेतबाट उक्त विवादित कि.नं.१३५ को जग्गा प्रतिवादी दिपेन थापाले अग्नीमाया श्रेष्ठलाई जिना थापा साक्षी राखी मिति २०६६/१२/३ मा र.नं. ९९८७(ख) मार्फत पारित गरेको रजिस्ट्रेसन लिखतमध्ये पुनरावेदक वादीहरूको हकसम्मको लिखत बदर हुने।

प्रतिवादी दिपेन थापाले जालसाजपूर्ण तरिकाले सगोलका अशियारहरूको अंश हक मेट्ने गरी अंशियारहरूलाई थाहा जानकारीसमेत नदिई सगोलको अंश लाग्ने घरजग्गा राजीनामाको लिखतबाट हक हस्तान्तरण गरेको देखिएको अवस्थामा वादी दाबी नपुग्ने भनी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनबाट मिति २०७३।५।६ मा भएको फैसला उल्टी हुने देखिन्छ। दिने दिपेन थापा र लिने अग्नीमाया श्रेष्ठ भई र.नं.९९८७(ख) बाट मिति २०६६।१२।०३ मा पारित राजीनामा लिखतमध्येको वादीहरू राधादेवी थापा र रमेशकुमार थापाको हक जाने अर्थात् ४ भागको २ भाग लिखत बदर हुने।

इजलास अधिकृत:- नबिन आचार्य

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७६ साल फागुन ११ गते रोज १ शुभम्।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०६७-CI-१६४५, जग्गा खिचोला चलन, ध्रुबकुमार भट्टराई वि. ओमकार भट्टराई*

प्रमाण ऐन, २०३१ को दफा २६ मा देवानी मुद्दामा दाबी प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी प्रावधान रहेको पाइन्छ । प्रस्तुत मुद्दामा पुनरावेदक वादीले विवादित जग्गामा प्रतिवादी ओमकार भट्टराईले खिचोला गरेको भन्ने जिकिरलाई पुस्ट्याइँ गर्ने तथ्ययुक्त प्रमाण पेस गर्न सकेको देखिएन । दाबी जिकिर लिएर मात्र हुँदैन सो दाबीलाई पुष्टि गर्ने प्रमाण पनि हुनु जरूरी पर्दछ। विवादित जग्गा प्रतिवादी ओमकार भट्टराईले कानूनअनुसार प्राप्त गरी अविच्छिन्न रूपमा भोगचलन गरी भोगचलन गरेबापत बुझाउनुपर्ने तिरो तिरेको रसिद भरपाई र फाँटवारी पेस गर्दा उल्लेख भएको बेहोरासमेतबाट उक्त सखी भन्ने खेत प्रतिवादी ओमकार भट्टराईको हक स्वामित्वमा रहेको भन्ने देखिन्छ। यस अवस्थामा प्रतिवादीको साम्पत्तिक हकलाई असर पार्ने गरी जग्गा खिचोला ठहर गर्नु कानूनसङ्गत नदेखिने।

प्रतिवादीले जग्गा खिचोला गरेको भन्ने वादी दाबीलाई पुष्टि गर्ने अकाट्य प्रमाणको अभाव रहेको साथै अदालतबाट विवादित जग्गाको नापजाँच भई आएको नक्सा मुचुल्काको आकृति प्रकृति हेर्दा वादी दाबीअनुसारको जग्गा र प्रतिवादीले भोग चलन

गरेको जग्गा अलग अलग हुन् भन्ने देखिँदा विवादित जग्गामा प्रत्यर्थी प्रतिवादीले खिचोला गरेको भन्ने अर्थ गर्न मिल्ने नदेखिँदा सुरू संखुवासभा जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने गरी भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत धनकुटाबाट भएको फैसला अन्यथा नभई मिलेकै देखियो । प्रतिवादीको खिचोला मेटाई सुरू फिराद दाबीबमोजिम यथावत् मेरा नाउँमा कायम गरिपाउँ भन्ने पुनरावेदक / वादीको पुनरावेदन जिकिर, निजको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा विद्वान् अधिवक्ताहरूबाट प्रस्तुत भएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

इजलास अधिकृत: ऋतु राई

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल पुस ५ गते रोज २ शुभम् ।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७१-WO-०५९५, उत्प्रेषण, परमादेशसमेत, राजकुमार कोरी वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौँसमेत*

प्रहरी सेवा संवदेनशील सेवा भएकोले प्रहरी कर्मचारीहरू सदैव शान्ति, सुरक्षा कायम गर्न र अपराधको नियन्त्रणको लागि अहोरात्र खटिनुपर्ने हुन्छ । निज एक राष्ट्र सेवक कर्मचारी भएको नातासमेतले निजको कार्यालय प्रति थप जिम्मेवारी रहने गर्दछ । प्रहरी नियमावली, २०४९ को नियम ८८(झ) ले ***मनासिब कारण नभई वा बिदा नलिई बिदा बसेमा वा गैरहाजिर भएमा*** सजाय गर्ने अधिकारीले कुनै प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्ने छ भन्ने कानूनी व्यवस्था रहेको देखिँदा निज निवेदक राजकुमार कोरीको १५ दिन किरिया बिदा समाप्त भएपश्चात् पनि आफ्नो जिम्मेवारीप्रति उदासिनता देखाई पटक पटक कार्यालयमा हाजिर हुन सूचना दिएको अवस्थामा समेत कार्यालयमा नगई लापरवाही एवं प्रहरी आचरणविपरीत कार्य गरेको देखिन आयो । साथै निवेदकलाई यसभन्दा अघि पनि म.न.प्र.प. गणको मिति २०७०।२।२९ ले दुई वर्षको लागि पदोन्नति रोक्का तथा नसिहदसमेत दिएको देखिँदा निज प्रहरी संगठन प्रति कर्तव्यनिष्ठ रहेकोसमेत नदेखिने ।

यसै सन्दर्भमा, प्रहरी नियमावली, २०४९ को नियम ८९(२) मा ***प्रहरी कर्मचारीलाई सजायको आदेश दिनुअघि कारबाही गर्न लागिएको उल्लेख गरी हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाइ पेस गर्ने मौका दिनुपर्ने छ । त्यस्तो सूचना दिँदा लगाइएको आरोप स्पष्ट रूपले किटिएको हुनुपर्दछ र प्रत्येक आरोप कुन कुरा र कारणमा आधारित छ सोसमेत खुलाउनुपर्ने छ । त्यसपछि त्यस्तो प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिदिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेस गर्नुपर्ने छ । तर भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको प्रहरी कर्मचारीको सम्बन्धमा यस नियमबमोजिमको कार्यविधिको रीत पुऱ्याउनुपर्ने छैन*** भन्ने प्रस्ट कानूनी व्यवस्था रहेको देखिन्छ । निज निवेदकलाई सफाइ पेस गर्ने समुचित समय दिई म्याद सूचना जारी गरी सफाइको मौकासमेत दिइएको देखिन्छ । यस

अवस्थामा निवेदकलाई नोकरीबाट हटाउने गरी प्रत्यर्थीहरूबाट भएको निर्णय कानूनविपरीत रहेको नदेखिने।

उल्लिखित तथ्य, कानूनी व्यवस्था एवं मिसिल सलंग्न कागजातसमेतको आधारमा निवेदक राजकुमार कोरी लामो समयसम्म कार्यालयमा अनुपस्थित रही प्रहरी सेवाप्रतिको आफ्नो महत्त्वपूर्ण जिम्मेवारी पूरा नगरी, उदासिनता देखाएकोले प्रत्यर्थी अनाश्रित शसस्त्र गुल्म, जगन्नाथदेवल काठमाडौंको मिति २०७०।७।७ गतेको प्रतिवेदनको आधारमा प्रत्यर्थी महानगरीय आयुक्तको कार्यालय, रानीपोखरीबाट मिति २०७०।१०।२६ मा भएको निर्णय मनासिब नै देखिँदा निवेदकको मागबमोजिमको अवस्था विद्यमान नदेखिँदा उत्प्रेषण परामदेशको आदेश जारी गर्नुपर्ने नदेखिने। निवेदन खारेज हुने।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल पुस ३० गते रोज ६ शुभम्।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७३-CR-१४२४, भ्रष्टाचार (घुस / रिसवत), रामराज यादव वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी रामराज यादवले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दा निवेदकलाई नचिनेको र आफ्नो बाइकको भाइजरबाट रू.४,०००।- बरामद भएको हो, उक्त रकम मलाई फसाउन राखेको हो, घुस रकम लिएको होइन भनी बयान गरेको पाइन्छ। प्रचलित कानूनले प्रतिवादीको तहकिकातको सिलसिलामा अधिकारप्राप्त अधिकारीसमक्ष र अभियोग दायर भएपछि अदालतमा बयान हुने व्यवस्था गरेको छ। प्रचलित कानूनको यस्तो प्रावधान कार्यविधिगत प्रक्रिया मात्र मान्न मिल्दैन । न्याय निरूपणको रोहमा प्रतिवादीको मौका र अदालतमा भएको बयानको आ-आफ्नै किसिमको महत्त्व र प्रामाणिक मूल्य (Evidential value) रहने हुन्छ। निवेदक भनिएका बराहिम मुसलमानले समेत अदालतसमक्ष बकपत्र गर्दा आफू अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालयमा जाँदै नगएको र आफूले कुनै निवेदन नदिएको साथै प्रतिवादीलाई नचिनेको भनी लेखाएका छन् । यस अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उनाउ व्यक्ति खडा गरी काल्पनिक घटनाको सिर्जना गर्दै मुद्दा दायर गरेको भन्ने नै देखिन आउने।

वस्तुतः अभियोजन पक्षले यी पुनरावेदक प्रतिवादी रामराज यादवउपर भ्रष्टाचार गरेको भन्ने अभियोग लगाई अभियोगपत्र दायर गरेको छ । भ्रष्टाचारजन्य कसुर स्थापित हुनको लागि प्रतिवादीले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याएको भन्ने कुरा प्रत्यक्ष, सार्थक र निश्चयात्मक प्रमाणबाट शङ्कारहित तवरले पुष्टि भएको हुनुपर्दछ । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहने व्यवस्था छ। उक्त कानूनी व्यवस्थाअनुसार फौजदारी कसुर सम्बन्धमा अभियोजन पक्षले प्रतिवादीउपर लगाएको आरोपलाई शङ्कारहित तवरले पुष्टि गर्नुपर्दछ। अभियोजन पक्षले लगाएको आरोप पुष्टि गर्ने क्रममा शङ्काको कुनै गुञ्जाइस

रहनु हुँदैन । शङ्काको गुन्जाइस उत्पन्न भएमा त्यसको फाइदा अभियुक्तले पाउने नै हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीउपर भ्रष्टाचारको कसुरमा अभियोग लगाउँदा अभियोग पुष्टि हुने तवरको विश्वसनीय र वस्तुनिष्ठ प्रमाण पेस हुन सकेको नदेखिने ।

पार्किङ्मा रहेको आफ्नो मोटरसाइकलको अगाडिको भाइजरबाट उक्त रकम बरामद भएको भन्ने कुरामा यी पुनरावेदक प्रतिवादी सहमत नै देखिन्छन् । अर्कातर्फ निवेदक स्वयंले प्रतिवादीलाई नचिनेको तथा कुनै किसिमको घुस/रिसवत नदिएको नमागेको भनी अदालतसमक्ष बयान गरेको अवस्थामा पार्किङ्मा रहेको मोटरसाइकलको भाइजरमा मोटरसाइकलवालाको अनुपस्थितिमा जो कोहीले पनि रिसइवीले फसाउनका लागि पैसा राख्न सक्छ । पार्किङ गरिरहेको मोटरसाइकलको भाइजरबाट विवादित रकम बरामद भयो भन्दैमा कसैलाई भ्रष्टाचार जस्तो मुद्दामा दोषी ठहऱ्याउन मिल्दैन । घुस/रिसवत जस्तो संवेदनशील मुद्दामा दोषी ठहर गर्न घुस/रिसवत मागेको तथा लिएको प्रमाणित हुनुपर्ने ।

आरोप दाबीमा रू.६,०००।- घुस रिसवतको रकम कायम गरेको भए तापनि रू.४,०००।- (चार हजार) मात्र घुस रिसवत लिएको पुष्टि हुन आएबाट यी प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अनुसार रू.४,०००।- रिसवत घुस लिएको देखिन आउँदा प्रतिवादी रामराज यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अनुसार रू.४,००० ।- (चार हजार) जरिवाना भई ऐ. ऐनको दफा ३(१)(क) बमोजिम दिन ४ (चार) कैदसमेत हुने भन्ने विशेष अदालत काठमाडौंबाट मिति २०७३।०७।०४ मा भएको फैसला उल्टी भई पुनरावेदक प्रतिवादी रामराज यादवले आरोप दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत:- नबिन आचार्य

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७६ साल पौष २४ गते रोज ५ शुभम् ।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७३-CI-१५२९, अंश चलन, हरिप्रसाद सिल्पकार वि. श्याम सिल्पकार*

पुनरावेदक प्रतिवादीको बज्यै बिकुलक्ष्मीलाई उक्त विवादित कि.नं. १८२ को जग्गा निज बिकुलक्ष्मीको सौतेनी आमा मोहनमायाले मिति २००७।३।७ मा लेखिदिनुभएको शेषपछिको बकसपत्र लिखतका आधारमा प्राप्त सम्पत्ति देखिन्छ । उक्त सम्पत्ति स्त्री अंश धनको ५ नं. अनुसार बज्यैले आफूखुस गर्न पाउने सम्पत्ति भएको भनी पुनरावेदकले जिकिर लिएको देखिन्छ । तत्काल प्रचलित मुलुकी ऐन, स्त्री अंशधनको ५ नं. "***स्वास्नी मानिसले आफ्नो दाइजो पेवा आफूखुस गर्न पाउँछिन् । निजको शेषपछि त्यस्तो सम्पत्ति अपुतालीको महलबमोजिम हुने छ"*** भन्ने कानूनी व्यवस्था रहेको छ । यसै सम्बन्धमा ने.का.प. २०६४, अङ्क २, नि.नं. ७८१४ मा "***पिता पुर्खाले जुनसुकै स्रोतबाट प्राप्त गरेको सम्पत्ति भए पनि आफ्ना सन्तानका लागि पैतृक सम्पत्ति नै हुने"*** भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । जसबमोजिम स्वास्नी मानिसले प्राप्त गरेको पेवा समान तहका अंशियारहरूलाई भाग नलाग्ने भन्ने हो । तर आफ्ना सन्तानहरूबिचमा

बन्डा नलाग्ने भई आफूखुस गर्न पाउने भन्ने उक्त ऐनको मक्सद रहेको देखिँदैन । प्रस्तुत विवादको सम्बन्धमा तत्काल प्रचलित मुलुकी ऐन, अंशबन्डाको १८ नं. मा विवेचित कानूनी व्यवस्थालाई समेत ध्यान दिनुपर्ने हुन आउँछ । जसमा "...कुनै अंशियारले आफ्नो ज्ञान वा सिप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंशधनको महलको ५ नं. बमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुसी गर्न पाउँदछ। बन्डा गर्न कर लाग्दैन।..." भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा वादी प्रतिवादीहरू समान हैसियतका अंशियार भएको देखिन्छ । तर बिकुलक्ष्मी सिल्पकार र यी वादी प्रतिवादीहरू समानस्तरका अंशियार नभई पिता पुर्खाको सम्पत्तिमा छोरा छोरीको पहिलो हक सिर्जना भएपछि मात्र नाति पुस्ताको हक सिर्जना हुने हुँदा पिता पुर्खा वा बाबुआमाले जुनसुकै बेहोराबाट कमाएको सम्पत्तिमा र लगाएको ऋणसमेतमा छोरा छोरी वा निजको हकवालाको उत्तिकै हक अधिकार सिर्जना हुने र दायित्व बेहोर्नुपर्ने भएकोले बाबुको सम्पत्ति छोरा छोरीको हकमा पैतृक सम्पत्ति नै मान्नुपर्ने।

मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. को व्यवस्थाबमोजिम पिता पुर्खाहरूले जुनसुकै बेहोराबाट प्राप्त सम्पत्तिमा छोरा छोरीले अंश पाउने कुरामा सङ्कुचन गरेको नभई समान हैसियतका अंशियारहरूले अंश पाउने कुरामा आफ्नो निजी आर्जन स्वरूप बकसपत्रमार्फत प्राप्त गरेको सम्पत्ति अरूलाई भाग नलाग्ने भन्ने स्पष्ट रहेको छ । आफू नै मुली भई आफ्नो छोरा बुहारीलगायतका अंशियारहरूलाई आफूले अंश दिनुपर्ने अवस्थामा मैले सो सम्पत्ति बकस पाएको हो सो सम्पत्तिबाट कसैलाई अंश दिन्न भन्न पाउने अवस्था हुँदैन। बाबुआमा वा पतिको आर्जन छोराछोरी तथा श्रीमतीका लागि पैतृक सम्पत्ति नै हुने हुँदा विवादित साबिक कित्ता नं. १८२ को जग्गा बिकुलक्ष्मीले आफ्ना छोरा छोरी बुहारीलगायतका हकवालालाई भाग लाग्ने नै देखिन आउने।

विवादित कि.नं.१८२ को जग्गा यी वादी प्रतिवादीहरूका लागि पुर्ख्यौलीबाट प्राप्त सम्पत्ति भएको देखिन्छ । प्रस्तुत मुद्दामा तत्काल प्रचलित मुलुकी ऐन, अंशबन्डाको महलको १० नं. ले सिर्जना गरेको लोग्ने वा बाबु आमाको दायित्वसमेतलाई विचार गर्नुपर्ने देखिन्छ । उक्त अंशबन्डाको १० नं. को कानूनी व्यवस्थाबाट लोग्ने वा बाबु आमाले जुनसुकै बेहोराबाट प्राप्त गरेको सम्पत्ति छोरा छोरी र श्रीमतीको लागि पैतृक सम्पत्ति मान्नु नै पर्ने हुन्छ। यस अवस्थामा तत्कालीन पुनरावेदन अदालत पाटनबाट प्रतिवादी हरिप्रसाद सिल्पकारलाई बकसपत्रको माध्यमद्वारा जग्गा दिने बिकुलक्ष्मी सिल्पकार वादीहरूको बज्यै / सासू नाताको देखिएको, निजले बकसपत्रको माध्यमबाट प्राप्त गरेको सम्पत्ति निजका समान तहका अंशियारमा बन्डा नलाग्ने हो तर आफ्ना नाति / बुहारीलाई बन्डा गर्न नपर्ने भन्ने होइन। सोबमोजिम पुनरावेदक प्रतिवादी हरिप्रसाद सिल्पकारले आफ्नी बज्यैबाट शेषपछिको बकसपत्रको माध्यमबाट प्राप्त गरेको सम्पत्ति भए पनि सबै अंशियारमा बन्डा लाग्ने नै

देखिएकोले ४ भागको १ भाग वादीले अंश पाउने गरी गरेको फैसला न्यायोचित नै देखिँदा प्रतिवादीको पुनरावेदन जिकिरका साथै निजतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर र यस अदालतबाट मुद्दा दोहोऱ्याई पाउने निस्सा प्रदान गर्दा लिइएका आधार कारणहरूसँग समेत सहमत हुन नसकिने।

तायदाती फाँटवारीमा पेस भएको सम्पूर्ण सम्पत्तिमध्येबाट फिरादीसमेत चार अंशियार रहे भएको देखिँदा वादी दाबीबमोजिम बन्डा लाग्ने सम्पूर्ण सम्पत्तिमध्येबाट ४ खण्डको १ खण्ड अंश भाग हिस्सा यी वादीले अंशबापत छुट्याई लिन र चलनसमेत पाउने भनी सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०६९।५।३१ मा भएको फैसलालाई सदर कायम गर्ने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७१।२।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : नबिन आचार्य

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल पुस २० गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ।

- ०७३-CI-१५३०, अंश चलन, हरिप्रसाद सिल्पकार वि. विजय सिल्पकारसमेत
- ०७३-CI-१५३१, निर्णय दर्ता बदर, हरिप्रसाद सिल्पकार वि. बलराम सिल्पकारसमेत
- ०७३-CI-१५३२, अंश चलन, सरस्वती सिल्पकारसमेत वि. हरिप्रसाद सिल्पकार
- ०७३-CI-१५३३, फैसला बदर, प्रविण सिल्पकारसमेत वि. हरिप्रसाद सिल्पकारसमेत
- ०७३-CI-१५३४, निर्णय दर्ता बदर, सरस्वती सिल्पकार वि. बलराम सिल्पकारसमेत
- ०७३-CI-१५३५, फैसला बदर, प्रफुल सिल्पकारसमेत वि. हरिप्रसाद सिल्पकारसेत

९

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७१-CI-१२८७, गुठी कायम गरेको निर्णय बदर, आशामाया महर्जन वि. गुठी संस्थान, केन्द्रीय कार्यालय, काठमाडौंसमेत*

विवादित कि.नं.१२९ को क्षेत्रफल ०-८-०-० जग्गा गुठीको जग्गा हो, होइन भन्ने सम्बन्धमा फिल्डबुक किताबमा "यो जग्गा का. देगुतले गुठी हो । इन मेरो नम्बरी हो" भनी किसानको बेहोरा महलमा उल्लेख भएको देखिन्छ । यो जग्गा का. देगुतले गुठी हो । भन्नेलाई धर्को तानिएकोलाई होइन भन्ने बनाई मेरो नम्बरी हो भनी थप गरिएको देखिन्छ। गुठीको लगतबाट उक्त जग्गा गुठीकै जग्गा हो भन्ने देखिइरहेको अवस्थामा कलमको टाँका नै फरक पारी बेहोरा थप गरी रैकरमा दर्ता गराउनका लागि संदिग्ध कार्यहरू भएगरेको भन्ने प्रस्ट देखिने।

गुठीको नाममा जनिएको जग्गा व्यक्तिको नाममा दर्ता हुन पुगेको अवस्थामा पुनः गुठीको नाममा दर्ता गर्न सकिने वा नसकिने भन्ने सम्बन्धमा विचार गर्दा गुठी संस्थान ऐन, २०३३ को दफा ३९ (१) मा ***"गुठी तैनाथी जग्गा गुठी***

अधीनस्थ जग्गामा, गुठी अधीनस्थ जग्गा गुठी रैतान नम्बरी जग्गामा वा गुठीको घर वा जग्गा रैकरमा दर्ता भएको प्रमाणित हुन आएमा प्रशासकले वा प्रशासकको काम गर्ने प्रशासकीय प्रमुखले त्यस्तो गुठीको घर वा जग्गा साबिकको गुठी तैनाथी जग्गा, गुठी अधीनस्थ जग्गा वा गुठी रैतान नम्बरीमा नै दर्ता गर्न सक्ने छ । त्यसरी दर्ता भइसकेपछि सो घर वा जग्गाको पहिले दर्ता भएको लगत कट्टा हुने छ ।" भन्ने व्यवस्था रहेको देखिन्छ । यस कानूनी व्यवस्थाबाट गुठीको घर वा जग्गा रैकरमा दर्ता भएको प्रमाणित भएको अवस्थामा गुठी संस्थानको प्रशासकलाई त्यस्तो गुठीको घर वा जग्गा साबिकको गुठीको नाममा दर्ता गर्न सक्ने अधिकार रहेको देखिने ।

यी पुनरावेदक आशामाया महर्जनसमेतका नाममा नामसारी भई जग्गाधनी प्रमाणपुर्जा प्राप्त भए तापनि विवादित कि.नं. १२९ जग्गाको ०-८-०-० जग्गा गुठीको जग्गा देखिई रैकरतर्फको लगत कट्टा गरी साबिक लगतअनुसार गुठी नै कायम गर्ने गरी गुठी संस्थानका प्रशासकले गरेको निर्णयलाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला अन्यथा नदेखिने ।

विवादित कि.नं. १२९ को ०-८-०-० जग्गा गुठीको जग्गा देखिएको हुँदा यी पुनरावेदक आशामाया महर्जनसमेतका नाममा नामसारी भई जग्गाधनी प्रमाणपुर्जा प्राप्त भए तापनि रैकरतर्फको लगत कट्टा गरी साबिक लगतअनुसार गुठी नै कायम गर्ने गरी गुठी संस्थानका प्रशासकले मिति २०६७/०१/०८ मा गरेको निर्णय पर्चालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८/११/२२ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : ऋतु राई

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल पुस ६ गते रोज ३ शुभम् ।

१०

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री नहकुल सुवेदी, *०७४-CR-०३५५, ०७४-CR-०३८२, जबरजस्ती करणी, नेपाल सरकार वि. कुलबहादुर वि.क., कुलबहादुर वि.क. वि. नेपाल सरकार*

पीडितको कन्याजाली च्यातिएको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदन रहेको, मलाई गालामा चुप्पा खाई, बुबुमा बेस्सरी समाती पाइन्ट खोली सुसु गर्ने देखाई हातले खेलाउन लगाई कट्टु खोली दिई आफ्नो औंलामा थुक लगाई सुसु गर्नेमा औंलाले खेलाएको भनी पीडितले मौकामा तथा बकपत्र गर्दासमेत खुलाएको देखिन्छ । प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको तथ्य स्थापित भइरहेको अवस्थामा केवल जबरजस्ती करणी उद्योगको कसुर मात्र ठहऱ्याउने गरी भएको फैसला त्रुटिपूर्ण रहेको भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, प्रतिवादी कुलबहादुर वि.क.ले ७ वर्षकी नाबालिकालाई लिङ्ग खेलाउन लगाई पीडितको कट्टु खोली जबरजस्ती करणी गर्न लागेका अवस्थामा जाहेरवाला आएको थाहा पाई प्रतिवादी भागेका भन्ने जाहेरी दर्खास्त रहेको देखिन्छ । मैले मेरो लिङ्ग पीडितको योनिमा छिराउन लाग्दा नछिरेकोले योनि फट्टाई छिराउन खोज्दा निजको आमा आएकाले भागेको हुँ

भनी प्रतिवादीले अनुसन्धानमा बयान गरेको देखिन्छ । तत्कालै कन्याजाली च्यातिएको लक्षण नदेखिएको र अन्य कारणले पनि कन्याजाली च्यातिन सक्छ, कन्याजाली पुरानो च्यातिएको हो भनी विशेषज्ञले बकपत्र गर्दा खुलाएको देखिन्छ । पीडितको योनिमा प्रतिवादीको लिङ्ग वा औंलासमेत प्रवेश गरेको पुष्टि हुनेगरी वादी पक्षबाट कुनै प्रमाण पेस दाखिला गर्न सकेको देखिएन । प्रतिवादीले पीडित वर्ष ७ की परिवर्तित नाम ०४९-१८-(०७२/०७३) लाई जबरजस्ती करणी गरेको पुष्टि हुन नसकेको तर जबरजस्ती करणी गर्न प्रयास भने गरेको देखिएकोले प्रतिवादीलाई जबरजस्ती करणीको उद्योगको कसुरमा सजाय गर्नेगरी भएको उच्च अदालत पाटन, हेटौंडा इजलासको फैसला अन्यथा नदेखिने ।

छोरीलाई घरमा छाडी बजार गएको अवस्थामा प्रतिवादी कोठामा आई छोरीलाई फकाई आफ्नो लिङ्ग बाहिर निकाली समाउन लगाएको अवस्थामा म जाहेरवाली पुग्दा अन्यायीले करणी गर्न नभ्याएको भन्ने जाहेरी र छोरीको हात निज प्रतिवादीको लिङ्गमा लगाई चलाउन लगाएको देखे भनी बकपत्र गरी आफ्नो जाहेरी बेहोरालाई खम्बिर बनाएको देखिन्छ । प्रतिवादी कुलबहादुर वि.क. कोठामा आई मेरो गालामा चुम्मा खायो, मेरो बुबु समात्यो, निजले आफ्नो पाइन्ट खोली सुसुगर्ने देखाई मलाई हातले समाउन लगायो, निजको औंलाले मेरो सुसु गर्ने खेलायो । आमा बुबा आएपछि भागेको भनी अनुसन्धानमा पीडितले कागज गरेको देखिन्छ । पीडितले अदालतमा आई बकपत्र गर्दा मेरो तुरीमा उनको हातले खेलाएका हुन् उनको तुरी मेरो तुरीमा ल्याएका तर जोडेका होइनन् भनी खुलाएको देखिन्छ । पीडितको भनाइबाट प्रतिवादीले पीडितको योनिभित्र लिङ्ग प्रवेश गराएको भन्ने देखिन नआई प्रतिवादीको लिङ्ग पीडितलाई समाउन लगाएको र प्रतिवादीको हातले पीडितको योनि खेलाएको भन्ने देखिन्छ । निज प्रतिवादीले करणी गर्न खोजेको तर पीडितकी आमा आइपुगेको कारण करणी हुन नसकेको देखिन्छ । यस अवस्थामा प्रतिवादीलाई जबरजस्ती करणीको उद्योगको कसुरमा सजाय गर्नेगरी भएको उच्च अदालत पाटन, हेटौंडा इजलासको फैसला अन्यथा मान्न मिल्ने नदेखिने ।

मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. मा **जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ** भन्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा निज प्रतिवादी कुलबहादुर वि.क. ले पीडित परिवर्तित नाम ०४९–१८ (०७२।०७३) लाई करणी गर्न खोजेको तर पीडितकी आमा आइपुगेको कारण करणी हुन नसकेको देखिएकोले प्रस्तुत दफा आकर्षित हुने देखिन्छ । प्रतिवादीले जबरजस्ती करणीको उद्योगको कसुर गरेको र पीडित ७(सात) वर्षकी बालिका भएको देखिन्छ । यसमा मुलुकी ऐन, जबरजस्ती करणीको ३ नं. मा **जबरजस्ती करणी गर्नेलाई देहायबमोजिम कैद सजाय हुने छ** भन्ने शीर्षकको देहाय १ मा **दश वर्षभन्दा मुनिकी बालिका भए दशदेखि पन्ध्र वर्षसम्म** भन्ने उल्लेख

छ । पीडित ७(सात) वर्षकी बालिका भएकोले जबरजस्ती करणी भएकोमा दशदेखि पन्ध्र वर्षसम्म सजाय हुनेमा जबरजस्ती करणीको उद्योगमा सोको आधा सजाय गर्नुपर्ने भएकोले प्रतिवादीलाई पाँचदेखि सात वर्ष छ महिनासम्म कैद सजाय हुने देखिने।

उल्लिखित जाहेरी दरखास्त, जाहेरवालाको बकपत्र, पीडितको कागज, पीडितको बकपत्र, प्रतिवादीको अनुसन्धानको बयान, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, चिकित्सकले गरेको बकपत्र र प्रचलित कानूनी व्यवस्थासमेतका आधारबाट प्रतिवादी कुलबहादुर वि.क.ले पीडित परिवर्तित नाम ०४९–१८ (०७२।०७३) लाई जबरजस्ती करणीको उद्योगको कसुर गरेको पुष्टि भएकोले प्रतिवादी कुलबहादुर वि.क.लाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको १ र ३(१) नं. को कसुरमा सोही महलको ३(१) नं. बमोजिम १० वर्ष कैद सजाय हुने र प्रतिवादीका नाउँमा कुनै सम्पत्ति रहेको नदेखिँदा मुलुकी ऐनको १० (ग) नं. बमोजिम महिला तथा बालबालिका कार्यालय चितवनबाट एक लाख क्षतिपूर्ति भराइदिने गरी भएको सुरू फैसला केही उल्टी भई प्रतिवादीलाई जबरजस्ती करणीको उद्योगको कसुरमा ५(पाँच) वर्ष कैद सजाय हुनेगरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७४।२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर : कृष्णमाया खतिवडा

इति सवंत् २०७८ साल माघ २८ गते रोज ६ शुभम्।

११

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री नहकुल सुवेदी, *०७७-CR-०६९९, कर्तव्य ज्यान, लोकेन्द्रबहादुर पुजारा वि. नेपाल सरकार*

आफूले सत्य तथ्य बेहोरा बयान गरी न्यायिक प्रक्रियालाई सहज बनाई सहयोग गरेको र मृतकले मलाई तत्काल गम्भीर उत्तेजना दिलाउने तवरले गाली गलौज गरी मेरो आत्मसंयमको शक्ति गुमी मृतकलाई मारे तापनि जानी जानी मनसायपूर्वक मारेको होइन । मैले आवेशमा आएर हत्या गरेकोले सुरू तथा उच्च अदालत दिपायलको फैसला उल्टी गरी इन्साफ पाउँ भनी लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा, यी प्रतिवादी मृतकको घरमा गई भाँडा माझिरहेको अवस्थामा जुना पुजारालाई पटकपटक हँसियाले प्रहार गरेको, सोही कारणले निज मृतकको मृत्यु भएको देखिन्छ। जुना पुजाराको मृत्यु भएपछि पनि प्रतिवादीले वारदात स्थलबाट लासलाई घिसार्दै गोठसम्म पुऱ्याएको र निज मृतकले लगाएका गरगहना फुकाली लगेको पाइन्छ। प्रतिवादीले निज मृतकले लगाएका तल्लो शरीरको सम्पूर्ण लुगा खोली नाङ्गो पारी छोडेकोसमेत देखिएबाट निज प्रतिवादीले क्रूर र अमानवीय तवरले हत्या गरेको प्रस्ट देखिएकोले निजले लिएको पुनरावेदन जिकिर विश्वासलायक नदेखिने।

मृतकको मृत्यु प्रतिवादीको कर्तव्यबाट भएको पुष्टि भएकोले यस सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा, मुलुकी अपराध संहिता, २०७४ को ज्यानसम्बन्धी कसुरको दफा १७७ मा भएको ज्यान मार्ने नियतले कुनै काम गर्न नहुने शिर्षकको

उपदफा (१) मा **कसैले कसैको नियतपूर्वक ज्यान मार्न वा ज्यान मार्ने कुनै काम गर्न वा गराउन हुँदैन** भन्ने व्यवस्था रहेको र सोही दफाको उपदफा (२) मा **उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने छ** भन्ने व्यवस्था रहेको देखिन्छ । निज प्रतिवादीको हकमा प्रस्तुत दफा आकर्षित हुने ।

प्रतिवादीउपर परेको किटानी जाहेरी, जाहेरी बेहोरा पुष्टि हुने गरी भएको जाहेरवालाको बकपत्र, प्रत्यक्षदर्शीले गरेको कागज एवम् बकपत्र, प्रतिवादीको साबिती बयान, मृतकको लास जाँच प्रकृति मुचुल्का, मृत्युको कारण Sharp force injury to neck भन्ने शव परीक्षण प्रतिवेदन, प्रतिवादीको घरबाट बरामद भएको धारिलो हतियार हँसियासमेतबाट यी प्रतिवादीले मृतक जुना पुजारालाई अत्यन्तै क्रूर र अमानवीय तरिकाले मारेको पुष्टि भएको देखिएकोले आवेशमा आई हत्या गरेकोले सुरू तथा उच्च अदालतको फैसला उल्टी गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था नदेखिने ।

प्रतिवादीलाई अभियोग दाबीबमोजिम जन्मकैदको सजाय गरी प्रतिवादीबाट जाहेरवालालाई रू.३०,०००।– क्षतिपूर्ति भराइदिने गरी भएको सुरू बझाङ जिल्ला अदालतको मिति २०७६/७/२८ को फैसला सदर हुने गरी उच्च अदालत दिपायलबाट मिति २०७७।६।५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल माघ २३ गते रोज १ शुभम् ।

इजलास नं.२

१२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७५-CR-१०७३, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. भगवतीदेवी साउदसमेत*

पुनरावेदक प्रतिवादीहरूले पीडितलाई मार्नेसम्मको मनसाय र पूर्वरिसइवीसमेत राखी घातक हतियार प्रयोग गरी कुटपिट गरेको र के कति कारणले पीडितको ज्यान मर्न पाएको रहेनछ भन्ने मिसिल संलग्न कागज प्रमाणहरूबाट पुष्टि हुन नसकेको हुँदा प्रस्तुत वारदातमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. को विद्यमानता रहेको भनी भन्न सकिने अवस्था देखिएन । यसरी प्रतिवादीहरूको पीडितलाई मार्ने मनसाय नभई निज पीडितले नै प्रतिवादीहरूलाई जबरजस्ती करणी गर्ने उद्देश्यले हातपात गर्ने, कपडा च्यातिदिई संवेदनशील अंगमा समाउने जस्ता कार्य गरेकोले प्रतिवादीहरूले आत्मरक्षाको लागि निजबाट उम्कन र भाग्न खोज्दा सामान्य कुटपिटसम्म भएको र प्रतिवादी प्रदिपकुमार साउद आफ्नो श्रीमती हेमा साउद, भगवतीदेवी साउदले हामीलाई बचाउन आउ भनी फोन गरेको हुँदा निजहरूको सुरक्षार्थ उपस्थित भएको भन्ने देखिएबाट प्रस्तुत मुद्दाको वारदातको प्रकृति कुटपिटको महलअन्तर्गत पर्ने देखिँदा कुटपिटतर्फ परिणत गरी प्रतिवादीहरू हेमा साउद, भगवतीदेवी साउद र प्रदिपकुमार साउदसमेतलाई आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत दिपायलको फैसला

मिलेकै देखिन आउने।

जाहेरवाला, पीडितलगायत अन्य बुझिएका मानिसहरूले समेत यी पीडितलाई कुटपिट गरी घाइते बनाएको भनी स्पष्ट लेखाउन सकेको देखिँदैन । यसरी निज प्रतिवादीहरूले पीडितलाई ज्यान मार्ने उद्योगको कसुर गरेको भन्ने तथ्ययुक्त प्रमाण वादी पक्षबाट पेस हुन नसकेको र मिसिल संलग्न कागज प्रमाणहरूबाट समेत निज प्रतिवादीहरूको उक्त वारदातमा प्रत्यक्ष संलग्नता रहेको थियो भनी पुष्टि हुन नसकेको अवस्थामा निजहरूउपर जाहेरी परेको कारणले मात्र ज्यान मार्ने उद्योग जस्तो गम्भीर अपराधमा यी प्रतिवादीहरूलाई कसुरदार कायम गर्न न्यायोचित हुने नदेखिँदा प्रतिवादी विर्ख भन्ने विश्वबहादुर साउद र हर्कबहादुर साउदलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहराएको हकमा पनि उक्त फैसला मिलेकै देखिएको।

प्रस्तुत वारदात कुटपिटसम्मको देखिन आएकाले प्रतिवादीहरू हेमा साउद, भगवतीदेवी साउद र प्रदीपकुमार साउदले आरोपित कसुरबाट सफाइ पाउने र प्रस्तुत मुद्दा निजहरूको हकमा तत्कालीन सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत गरेको साथै प्रतिवादीद्वय हर्कबहादुर साउद र विश्वबहादुर साउदले सुरू अदालतबाट सफाइ पाएको फैसला निजहरूका हकमा मिलेकै देखिँदा सदर हुने ठहऱ्याई उच्च अदालत दिपायलबाट मिति २०७५।२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मञ्जु शर्मा

इति संवत् २०७७ साल जेठ १४ गते रोज ४ शुभम्।

१३

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मालता माथेमा, *०७३-CR-०६१४, ०७३-CR-०४८१, कर्तव्य ज्यान र डाँका, राजु शाह वि. नेपाल सरकार, रंजित साह गुप्ता सोनार वि. नेपाल सरकार*

प्रतिवादीहरूको भूमिका यकिन नगरी सजाय गरेको भन्ने सम्बन्धमा सिद्धान्तत एकभन्दा बढी व्यक्तिहरू मिलेर गरेको अपराधमा सहभागीहरू सबैको संलग्नताको स्तर सबै अवस्थामा एकै नहुन सक्दछ । फौजदारी अपराधमा सहभागिता र कार्य गराइको भूमिकाको आधारमा सजाय गरिने हुनाले संलग्न सबैलाई एकै किसिमको फौजदारी दायित्व बहन गराइँदैन । उनिहरूले निर्वाह गरेको फरक भूमिकाको लागि फरक उत्तरदायित्व बहन गराइन्छ । अभियुक्तको मानसिक अवस्था र सहभागिताको स्तरअनुसार मुख्य अभियुक्त (Principal offender) र सहायक अभियुक्त (Accessory offender) हुन्छन् । आपराधिक घटना घटाउनमा अभियुक्तको मानसिक र शारीरिक भूमिकाको आधारमा फौजदारी दायित्व पनि मुल दायित्व (Principal liability) र सहायक दायित्व (Accessorial liability) रहेको हुन्छ। मुख्य अभियुक्तहरू ती हुन् जसले आपराधिक कार्य (Actus Reus) लाई परिणाममा पुऱ्याउन प्रत्यक्ष भूमिका खेल्दछ । प्रत्यक्ष रूपमा अपराध नगरे पनि मुख्य अभियुक्तलाई अपराध गर्नमा सहयोग गर्ने सहायक अभियुक्त (Accessorial offender) लाई पनि अपराधको संलग्नताको आधारमा वारदातपूर्वको (Accessorial before Fact), वारदात समयको (Accessorial during

Fact) र वारदात पछिको (Accessorial after Fact) गरी तीन अवस्थाको हुन्छ । सहायक अभियुक्तको दायित्व मुल दायित्वबाट निसृत दायित्व (Derivative Liability) भएकोले सहायक अभियुक्तलाई आपराधिक दायित्व बहन गराउन दुई तथ्यहरूको पुष्टि हुनुपर्दछ ।

क) मुल अभियुक्तद्वारा एउटा पूर्ण अपराधको उक्त वारदात घटाइएको थियो ?

ख) उक्त वारदात घटाउन वारदात अगाडि वा वारदातको समयमा वा वारदात पछाडि सहायक अभियुक्तले मद्दत दिएको, सहायता पुऱ्याएको, सल्लाह दिएको वा अपराधलाई दबाउन, छिपाउन वा अभियुक्तलाई भगाउन सहयोग गरेको थियो ।

गम्भीर अपराध गर्ने योजना, तयारी र वारदात स्थलसमेत देखाई वारदात योजना र घटनाका सम्बन्धमा थाहा जानकारीप्राप्त भएकोमा सोप्रति उजुरी जानकारी नगराई त्यसलाई समर्थन गरी बसेको र सोहीअनुसार निज सुरू योजनादेखि संलग्न रही घटना घटी फौजदारी अपराधको दुष्परिणाम निस्केको अवस्थामा फौजदारी दायित्वबाट उम्किन, सफाइ पाउन सक्ने अवस्था नहुने ।

प्रतिवादी रंजित साह गुप्ताले मौकामा गरेको बयानमा कसुरमा साबिती भई अदालतको बयानमा कसुरमा इन्कारी रहे पनि प्रतिवादीले उक्त इन्कारी जिकिरलाई मिसिल संलग्न प्रमाणबाट पुष्टि गर्न सकेको देखिन आएन । प्रतिवादी रंजित साह गुप्ताले अन्य प्रतिवादीहरूको सहयोग र मिलेमतोमा जुजुकाजी बज्राचार्यलाई नियन्त्रणमा लिई गम्छा र सनपाटको डोरीले हातखुट्टा बाँधी क्लोरोफर्म औषधी सुँघाई मुखमा समेत गम्छा कोची बाँधी कर्तव्य गरी मारी निजको मोबाइलसमेत डाँका, चोरी गरेको भन्ने मिसिल संलग्न प्रमाण कागजातहरूबाट पुष्टि भएको देखिँदा यसैको चोटबाट जुजुकाजी बज्राचार्यको मृत्यु भएको भन्ने नखुलेको अवस्थामा पुनरावेदक प्रतिवादी रंजित साह सोनार गुप्तालाई सर्वस्वसहित जन्मकैद हुने गरी र डाँकातर्फ जरिवाना नगरी भएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०७०।७।२१ मा भएको फैसला सो हदसम्म नमिलेकोले केही उल्टी भई पुनरावेदक रंजित साह सोनार गुप्तालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद र चोरीको महलको १४(४) नं. बमोजिम ६ वर्ष कैद तथा सर्वस्व नभई जन्मकैदसम्म हुने ठहरेको हुँदा बिगो रू.१८,०००।- (अठार हजार रूपैयाँ) को डेढी बढाई जरिवानासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको २०७२।२।१९ मा भएको फैसला मिलेकै देखिँदा निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अर्का पुनरावेदक प्रतिवादी राजु शाहका हकमा अन्य प्रतिवादीलाई सरह ज्यानसम्बन्धी महलको १, १३(३) तथा चोरीको ६, १४(४) नं. बमोजिमको मागदाबी लिएको देखिन्छ । तर निजको के कस्तो बेहोराले कसुरमा संलग्नता रहेको भन्ने अभियोगपत्रमा खुल्न सकेको छैन । निजको मौकाको बयानमा सल्लाह भएको भनेका प्रतिवादीमध्येका रंजित साह गुप्ताले पनि निजको कसुरमा के कस्तो भूमिका रहेको भनी खुलाउन सकेको अवस्था छैन ।

कर्तव्य ज्यान, डाँका, चोरी जस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा केवल हचुवाको भरमा एकमुष्ट रूपमा धेरै प्रतिवादीहरूलाई अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन। निजहरू प्रत्येकको कसुर व्यक्तिपिच्छे प्रमाणबाट पुष्टि हुनुपर्ने।

वादी पक्षले यी पुनरावेदक प्रतिवादी राजु शाहउपरको अभियोग दाबी कसुरको मात्राअनुरूप वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । फौजदारी कसुरमा अभियोग प्रमाणित गर्दा प्रतिव्यक्ति प्रतिप्रमाणबाट पुष्टि हुनुपर्दछ । जुजुकाजी बज्राचार्यलाई कर्तव्य गरी ज्यान मार्ने कार्यमा प्रतिवादीहरूको संलग्नता हेर्दा प्रतिवादी जितेन्द्र श्रेष्ठको योजनाबमोजिम रंजित साह गुप्ताले अन्य प्रतिवादीहरूसँगको मिलेमतोमा ग्यास सिलिण्डरसमेतका सामानहरू ल्याएको, डाँका, चोरी गर्ने योजना बनाएको देखिन्छ। यी पुनरावेदक प्रतिवादीलाई सुन पसल वारदात स्थल प्रतिवादी रंजित साहले देखाएको, चोरी गर्ने कुरा कसैलाई नभन्नु भनेको भन्नेसम्म राजु शाहले मौकामा गरेको बयानबाट खुलेको देखियो। साथै प्रतिवादी रंजित साह गुप्तासँग टेलिफोन सम्पर्क भएको भन्ने मिसिल सामेल रहेको टेलिफोन कलडिटेलबाट पनि देखिएको हुँदा सो कुरालाई अन्यथा भन्न मिल्ने देखिएन । त्यसैले प्रतिवादी राजु शाह उक्त वारदात घटाउनमा मतलबमा पसेको, अन्य तरहबाट प्रतिवादीलाई संरक्षण गरी सजाय हुनबाट जोगाउने र थाहा भएको जानकारी लुकाउनेसम्मको कार्य गरी प्रस्तुत वारदातमा मतलवीको आपराधिक कार्य गरेकोसम्म देखिने।

कुनैपनि अपराधको आपराधिक कार्य प्रमाणित हुनको लागी सो कार्य दूषित मनसाय (Mens Rea) राखी पूर्वयोजना बनाई कार्य (Actus Reus) गरिएको हुनुपर्दछ सो कार्यको परिणामको पूर्वजानकारी (Forsightness of consequence) र परिणाम घटाउने इच्छा (Desire of consequence) सहितको पूर्णअपराध (Complete Crime) हुनुपर्ने विधिशास्त्रीय मान्यता रहेको छ । प्रतिवादी राजु शाहको आपराधिक कार्यमा उल्लिखित तत्त्वहरूको अभाव देखिएको छ। वारदात स्थलमै उपस्थित रही वा अन्य तरहले आरोपित कसुर गरेको भन्ने स्वतन्त्र प्रमाणबाट शंकारहित तरिकाबाट पुष्टि हुनुपर्दछ । आशंका र विश्वास मात्र प्रमाण हुन सक्दैन। यसरी यी प्रतिवादी वारदातस्थलमा उपस्थित भई डाँका, चोरी गर्ने तथा मृतक जुजुकाजी बज्राचार्यलाई मार्नमा मुख्य भई वचन दिएको, हातहतियार प्रयोग गरेको वा मृतकको शरीरमा समात्ने छेक्ने, रोक्ने काम गरेको भन्ने कतैबाट पुष्टि हुन आएको देखिँदैन । डाँका, चोरी गर्ने कार्य तथा वारदात स्थानको बारेमा प्रतिवादी रंजित साह सोनार गुप्तामार्फत थाहा जानकारीसम्म भएको र सो जानकारी भएको प्रहरी तथा कोही कसैलाई व्यक्त नगरी अरू किसिमको मतलबीको भूमिका पूरा गरेको मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिन आएकोले प्रतिवादी राजु शाहले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिमको कसुर अपराध गरेकोसम्म देखिन आयो । यी प्रतिवादी अपराध घटाउन मतलबमा पसेको र अपराध हुन लागेको जानकारी पाएर पनि चुप लागि अपराध गर्ने कार्यमा समर्थन गरी बसेको

देखिएको अवस्थामा अभियोग दाबीबाट सफाइ पाउनुपर्ने भन्ने निजको पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादी रंजित साह सोनार गुप्तालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र चोरीको महलको १४(४) नं. बमोजिम ६(छ) वर्ष कैद सजाय हुने ठहर गरी सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७०।७।२१ मा भएको फैसला यी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गरेको र डाँकातर्फ जरिवाना नगरेको हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद र चोरीको महलको १४(४) नं. बमोजिम ६(छ) वर्ष कैद हुने तथा निजलाई सर्वस्व नभई जन्मकैदसम्म हुने ठहरेकोले बिगो रू.१८,०००।- (अठार हजार रूपैयाँ) को डेढी बढाई जरिवानासमेत हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।२।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी राजु शाहले आरोपित कसुर गरेको नदेखिई उक्त घटना घटाउन मतलबमा पसेको, अपराध हुन लागेको जानकारी पाएर पनि चुप लागी अपराध गर्ने कार्यमा समर्थन गरी बसी मतलबीको कसुरसम्म गरेको देखिँदा निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद र चोरीको महलको १४(४) नं. बमोजिम ६(छ) वर्ष कैद सजाय हुने तथा बिगो रू.१८,०००।- (अठार हजार रूपैयाँ) को डेढी बढाई जरिवानासमेत हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।२।१९ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई निज प्रतिवादी राजु शाहलाई ज्यानसम्बन्धी महलको १७(३) नं. को कसुरमा ऐ. ज्यानसम्बन्धी महलको १७(३) नं. अनुसार ३(तीन) वर्ष मात्र कैद सजाय भई निजको हकमा चोरीको अभियोग दाबीसमेत पुग्न नसक्ने।

इजलास अधिकृत : अरूणकुमार कोइराला

कम्प्युटर : हर्क माया राई

इति संवत् २०७७ साल असार १० गते रोज ४ शुभम्।

१४

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री सुष्मालता माथेमा, *०७५-CR-०८५१, मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणी, नेपाल सरकार वि. राजन बलामी*

पीडितले प्रतिवादीले बेच्ने उद्देश्यले लगेको वा अरू कसैलाई बेचेको भनी खुलाउनसमेत सकेको देखिँदैन । पीडितकै सहमतिमा गाडीबाट एक ठाउँबाट अर्को ठाउँमा लानु र बेच्ने उद्देश्यले अरू कसैलाई बेचेर हस्तान्तरण गर्नु फरकफरक तथ्य भएकोले गाडीमा चढाई लाँदैमा बेचबिखन गर्न लागेको भन्न नमिल्ने।

जाहेरी तथा पीडितको प्रमाणित बयानमा लगातार २ दिनसम्म बेचबिखन गर्न काठमाडौंतर्फ लाने र फर्काएर ल्याउने गरेको भन्ने उल्लेख गरेकोसम्म देखिन्छ । जीवित मानिसलाई कुनै बाँधछाँध नगरी गाडीमा बेचबिखनको लागि लाने ल्याउने गरेको भन्ने भनाइ नै विश्वासलायक देखिँदैन । कुनै सामानको रूपमा गाडीमा राखी बेच्न लगेको भनी मान्न सकिने अवस्था पनि भएन । बाटोमा निजको कब्जाबाट फुत्कने भाग्ने

प्रयास गरेको, सहयोगको लागि हारगुहार गरेको भन्नसम्म पनि नसकी २ दिनसम्म प्रत्यर्थी/ प्रतिवादीसँग नै रहेबसेको अवस्थामा अभियोग पत्रमा उल्लेख भएबमोजिम बेचबिखनको लागि ओसारपसार गरेको मान्न सकिने अवस्था नहुने।

निज पीडितले बकपत्र गर्दा आफूलाई राजन बलामीले खानीखोलास्थित आफ्नै कोठामा लगी बियर खुवाई जबरजस्ती करणी गरेको भनी लेखाएको पाइन्छ। प्रत्यर्थी / प्रतिवादी उक्त आरोपित कसुरमा जबरजस्ती करणी गरेको छैन भनी मौकामा र अदालतमा समेत इन्कार रहेका छन् । तर पीडितलाई आफ्नो कोठामा ल्याएर राखेको, अर्को दिन पनि होटलमा सँगै राखेको, बियर खुवाएको तथ्यलाई स्वीकारेको पाइन्छ। पीडितको शारीरिक परीक्षण प्रतिवेदन "There is no evidence suggest forceful sexual assault and there is no evidence of struggle seen. It cannot be definitely said that whether the intercourse has taken place or not" भन्ने उल्लेख भएबाट करणी नै भएको भन्ने पनि पुष्टि हुने सकेको देखिएन । यसरी कुनै भौतिक र वैज्ञानिक प्रमाणबाट समर्थित नभएको अवस्थामा पीडितउपर जबरजस्ती करणीको कसुर प्रमाणित हुन नसकेको भनी उद्योगसम्म ठहऱ्याएको उच्च अदालत पाटनको फैसला उल्टी गरी पुनरावेदक / वादीको पुनरावेदन जिकिरबमोजिम सजाय गर्नुपर्ने नदेखिने।

प्रत्यर्थी / प्रतिवादी राजन श्रेष्ठ भन्ने राजन बलामीलाई जबरजस्ती करणीको ३(२) र ५ नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय हुने र प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसारमा कसुरदार मान्न मिल्ने देखिन नआउँदा सफाइ पाउने ठहर गरेको उच्च अदालत पाटनको मिति २०७४।३।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ध्रुवबहादुर कुँवर

कम्प्युटर : समी नेपाली

इति संवत् २०७७ साल जेठ २५ गते रोज १ शुभम्।

इजलास नं.३

१५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०६९-WO-०५६३, उत्प्रेषणयुक्त परमादेश, रत्ना थापा वि. विश्वबन्धु थापासमेत*

प्रस्तुत रिट निवेदनमा नेपालको अन्तरिम संविधानको धारा १२, १३ र १९ को हकको रक्षाका लागि निवेदक यस अदालतमा असाधारण अधिकार क्षेत्रबाट प्रवेश गरेको देखिन्छ। धारा १२ मा स्वतन्त्रताको हक, धारा १३ मा समानताको हक र धारा १९ मा सम्पत्तिको हकको संवैधानिक व्यवस्था रहेको छ। यी निवेदकलाई आफ्नो पेसा व्यवसाय गर्नबाट रोक लगाएको वा कानूनको समान संरक्षणबाट वञ्चित गरेको वा सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्नबाट विपक्षीहरूले यो यसरी वञ्चित गरेको भनी ठोस रूपमा रिट निवेदनमा उल्लेख गर्न सकेको नदखिने । श्रम ऐन, २०४८ को दफा ६० को खण्ड (ग) बमोजिम रत्ना होटलको व्यवस्थापनले गरेको निर्णयउपर श्रम अदालतले

पुनरावेदन सुनी दुवै पक्षका प्रमाणसमेत बुझी फैसला गरेको छ । असाधारण क्षेत्राधिकार कानून प्रतिकूलको क्षेत्राधिकार नभई कानूनकै परिपूरकको क्षेत्राधिकार हो । यसको प्रयोग सामान्य अवस्थामा हुने होइन । कानूनले स्पष्टरूपमा कार्यविधि तोकी गरेको व्यवस्थाअनुरूप भएका काम कारबाहीहरूको परीक्षण सबै अवस्थामा असाधारण अधिकार क्षेत्रबाट गर्न थालियो भने साधारण अधिकार क्षेत्रको प्रयोगको औचित्य समाप्त हुन जान्छ । असाधारण अधिकार क्षेत्रको प्रयोग क्षेत्राधिकारको अभाव, क्षेत्राधिकारको इन्कारी, कानूनको त्रुटि, कार्यविधिको त्रुटि, दूषित निर्णय आदि भएमा मात्र हुने हो । उल्लिखित अवस्था विद्यमान रहेको भन्ने रिट निवेदनबाट स्पष्ट नदेखिएको अवस्थामा मुद्दाको तथ्यमा प्रवेश गरी रिट क्षेत्रबाट हेर्न मिल्दैन । रिट क्षेत्रमा प्रवेश गर्न कानूनको स्पष्ट उल्लङ्घन भएको देखिनु पर्दछ र त्यसबाट निवेदकको हक अधिकारमा प्रतिकूल असर परी आघात पुगेको देखिनुपर्ने ।

प्रस्तुत रिट निवेदनमा श्रम अदालतले निर्णय गर्दा कुन कानूनको उल्लङ्घन गऱ्यो, आफ्नो अधिकार क्षेत्रभन्दा बढी कुन अधिकार प्रयोग गरी फैसला गऱ्यो, कुन चाहिँ प्रमाण इन्कार गरेको कारणले निर्णय प्रभावित भयो, कस्तो बदनियत राख्यो र राख्नुपर्ने कारण के हो भन्ने स्पष्ट रूपमा उल्लेख गर्न नसकेको अवस्थामा अधिकार क्षेत्रभित्र रही प्रमाणको यथोचित मूल्याङ्कन गरी गरेको निर्णयमा कुनै कानूनी त्रुटि नहुनुका साथै निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात पुगेको नदेखिने ।

यसै सन्दर्भमा यस अदालतबाट संवत् २०५७ सालको रि.नं.३६२० को अग्रनी आल्मुनियम प्रा.लि. सिमरा बाराका तर्फबाट अधिकारप्राप्त प्रशासकीय अधिकृत ईश्वर पोखरेल विरूद्ध ध्रुव बास्कोटासमेत भएको उत्प्रेषण (सर्वोच्च अदालत श्रमसम्बन्धी नजिरहरू भाग ११ पृ.२१८) मुद्दामा "*रिट क्षेत्रबाट पुनः सबुद प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्न कानूनतः नमिल्ने । श्रम अदालतबाट कानूनबमोजिम सबुद प्रमाणको मूल्याङ्कन गरी भएको निर्णयमा निवेदकले भनेबमोजिम कुनै कानूनी त्रुटि र कानूनी हक हनन भएको भन्ने अवस्था नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने*" भनी यस अदालतको संयुक्त इजलासबाट मिति २०५९/०६/०८ मा आदेश जारी हुने ।

श्रम अदालतबाट श्रम कानूनले निश्चित गरेको कार्यविधि र क्षेत्राधिकारको प्रयोग गरी दुवै पक्षका प्रमाणहरू बुझी प्रमाणहरूको मूल्याङ्कन गरी यी लिखित जवाफ प्रस्तुतकर्ताको कर्मचारीको विरूद्धमा लगाएको अभियोग ठोस र वस्तुगत प्रमाणका आधारमा प्रमाणित हुन नसकेको भन्ने आधारमा व्यवस्थापनबाट भएको निर्णय बदर गर्ने गरी मिति २०६९/०३/२२ मा फैसला भएको । सो फैसलामा कानूनी त्रुटि वा अधिकारक्षेत्रात्मक त्रुटि भएको भनी निवेदकले भन्न नसकी केवल आफ्नो संविधान प्रदत्त हक अधिकार हनन् भएको भन्ने जिकिर लिएको देखिने । श्रम अदालतको फैसलामा अधिकार क्षेत्रात्मक त्रुटि र कानूनी त्रुटि विद्यमान देखिएको अवस्थामा बाहेक त्यस्तो फैसलाबाट निरूपण

भइसकेको विषयमा यस अदालतको असाधारण अधिकार क्षेत्रबाट उक्त फैसलालगायतका काम कारबाही पुनरावेदन हेरे जस्तो परीक्षण गरी बदर गर्न मिल्ने होइन। यसरी कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी कानूनद्वारा प्रदत्त अधिकारअन्तर्गत रही प्रमाणको मूल्याङ्कन गरी भएको निर्णयमा कुनै त्रुटि विद्यमान नदेखिँदा यस अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोग गरी निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआउने।

श्रम अदालतबाट दुवै पक्षका प्रमाणहरू बुझी प्रमाणहरूको मूल्याङ्कन गरी गरेको मिति २०६९/०३/२२ को फैसलामा अधिकार क्षेत्रात्मक त्रुटि र कानूनी त्रुटि विद्यमान नदेखिएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन, रिट निवेदन खारेज हुने।

उपरजिस्ट्रार : शिवलाल पाण्डेय

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७५ साल आषाढ २७ गते रोज ४ शुभम्।

१६

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा, ०७१-CI-१०८३, लिखत बदर दर्ता बदर, *सौखीदास तत्मा वि. शिव दयाल यादव*

प्रतिवादी रामउदगार गुरमैता यादवको प्रतिउत्तरपत्रको प्रकरण ८ मा "अर्कोतर्फ वादी दाबीको जग्गा पुर्खौली जग्गा भई घरको मुख्य व्यक्ति म प्रतिवादी नै भएको हुँदा अचलमा आधीसम्म मैले खुस गर्न पाउने नै हुँदा सो आधारबाट पनि दाबीअनुसार लिखत बदर दर्ता बदर दर्ता हुनुपर्ने होइन, छैन" भन्ने बेहोरा उल्लेख गरेको देखिएबाट आफूले सौखीदास तत्मालाई बिक्री गरेको जग्गा आफ्नो पालामा आर्जन गरेको वा स्वआर्जनको बन्डा गर्नु नपर्ने प्रकृतिको नभई बन्डा हुनसक्ने पैतृक सम्पत्ति भएको भन्ने तथ्यमा कुनै विवाद नदेखिने।

मुलुकी ऐन (बाह्रौं संशोधन, २०६४) को अंशबन्डाको महलको १९ नं. हेर्दा "१९ नं. ॥ ॥ अंश नलिएका स्वास्नी, छोरा अविवाहित छोरी वा विधवा बुहारी हुने मानिसको चल अचल सम्पत्तिमा देहायमा लेखिएबमोजिम हुने..." पिता पुर्खाका पालाको चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनलाई स्वास्नी, छोरा अविवाहित छोरी वा विधवा बुहारीको मन्जुरी नभए पनि आफूखुस गर्न पाउँछ। अचलमा आधीभन्दा बढी भने व्यवहार चलाउनै परे पनि एक्काइस वर्ष नाघेका स्वास्नी, छोरा अविवाहित छोरी र विधवा बुहारीहरूको मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ। मन्जुरी नलिई गरेको सदर हुँदैन...१" भन्ने कानूनी व्यवस्था रहेको देखिएबाट पुनरावेदकले आफ्नो पुनरावेदनपत्रमा उल्लेख गरेबमोजिम "भाइ वा भाइबुहारी" शब्द कानूनमा उल्लेख भएको देखिएन। यस कानूनी व्यवस्थाले समान हैसियतमा रहेको अंशियारलाई घरको मुख्यको रूपमा दाजु भएकै नाताले मान्न सक्ने कल्पना विधायिकाले गरेको पाइएन। विवादको जग्गा बिक्री गर्ने व्यक्ति पिता, पति वा ससुरा नभएबाट घरमुली नदेखिएको यस स्थितिमा पैतृक अचल सम्पत्तिको हक हस्तान्तरण गर्दा मुलुकी ऐन, लेनदेन व्यवहारको महलको १० नं. बमोजिम एकाघर सगोलका अंशियार (वादी) ले साक्षी रोहबरमा बसेको वा

मन्जुरीको लिखत गरिदिएको भए मात्र त्यस्तो लिखतले मान्यता पाउन सक्ने देखिँदा सोको अभावमा प्रतिवादी रामउदगार गुरमैता यादवले पुनरावेदक प्रतिवादी सौखीदास तत्मालाई पैतृक अचल सम्पत्तिको हक हस्तान्तरण गरेको कार्य कानूनबमोजिम पक्का रहेको भन्न मिल्ने नदेखिने।

वादी शिवदयाल यादवले प्रतिवादी रामउदगार गुरमैता यादवउपर मिति २०६४।१०।१७ गते सा.दे.नं. ५६३ को अंश दर्ता मुद्दा सिराहा जिल्ला अदालतमा दर्ता गरेको देखिएकोमा अंशदर्ता मुद्दा दर्ता हुनुभन्दा ३ दिनअघि २०६४।१०।१४ गते र.नं.४७७४ बाट प्रतिवादी रामउदगार गुरमैता यादवले यी पुनरावेदक प्रतिवादी सौखीदास तत्मालाई जग्गा बिक्री गरेको देखिएको छ । जग्गा बिक्री भएको पाँच दिनपछि मिति २०६४।१०।१८ गते प्रस्तुत लिखत बदर दर्ता बदर दर्ता मुद्दा दायर भएको देखिएबाट वादी शिवदयाल यादव र प्रतिवादी रामउदगार गुरमैता यादवबिच तत्समयमा पारिवारिक बेमेल रहेको देखिएबाट घरव्यवहार चलाउन भनी प्रतिवादी रामउदगार गुरमैताले सगोलका अंशियार भाइको मन्जुरी नलिई अचल सम्पत्ति पुख्र्यौली जग्गा बिक्री गरेको देखिएबाट घर व्यवहार चलाउनका लागि उक्त जग्गा बिक्री भएको रहेछ भनी मान्न नसकिने।

मातापिता जीवित छँदै २०५० साल जेष्ठ १ गतेका दिन मेरो, विपक्षीको र आमा पितासमेतको सहीछापसमेत गरी अंशबन्डाको लिखत खडा गरेको, कारणवश पारित नभएकोमा सो अंशबन्डाको लिखतअनुसार नै मैले दाबीको जिल्ला सिरहा गा.वि.स.वसविट्टा वार्ड नं. ६ (क) को कि.नं. २७ को ससीम जग्गा अंशमा पाई भोगचलनसमेत गर्दै आएको जग्गा बिक्री गरेको भन्ने लिखत बदर दर्ता बदर दर्ता मुद्दाको प्रतिउत्तर पत्रको प्रकरण नं. ७ मा उल्लेख गरेको तथ्यले यी प्रतिवादी रामउदगार गुर्मैता यादवले बाबुआमाको देहान्तपश्चात् घरको मुख्य व्यक्तिको हैसियतले भाइको परिवारसमेतको रेखदेख हेरचाह गरी व्यवहार चलाएको रहेछ भन्ने तथ्य आफैँमा खण्डित भइरहेको छ। घर व्यवहार चलाउनका लागि पुख्र्यौली जग्गा बिक्री गरेको भनिएकोमा सो जग्गा बिक्रीबाट प्राप्त रकम परिवारमा खर्च भएको भन्ने प्रमाण पेस गरेको पनि देखिएन। पुनरावेदक/ प्रतिवादी लक्ष्मी श्रेष्ठ विरूद्ध विपक्षी/ वादी प्रवेग श्रेष्ठसमेत भएको लिखत दर्ता दाखिल खारेज बदर दर्ता हक कायम मुद्दा (ने.का.प.२०७६, भाग ६१, अङ्क ४, नि.नं.१०२५१) मा "घरको मुली भएको व्यक्तिले घर व्यवहार चलाउन आफ्नो पालामा आर्जित सम्पत्तिमा आफूखुस गर्न पाउने भए पनि घर र घर परिवारको हितभन्दा बाहिर गएर गरिने आफूखुसीको बिक्री व्यवहारलाई मान्यता दिन नमिल्ने।...." भनी न्यायिक सिद्धान्त स्थापित भएको देखिएको अवस्थामा जग्गा बिक्री गर्ने प्रतिवादी घरमुली नदेखिएको, राजीनामा लिखतमा वादीले साक्षी बसी सनाखत गरेको नदेखिनुका साथै वादीको मन्जुरी रहेको देखिने कुनै लिखत पेस गरेकोसमेत नदेखिएको अवस्थामा बिक्री गरेको जग्गा स्वआर्जनको समेत नभई बन्डा लाग्ने पुख्र्यौली सम्पत्ति देखिएको हुँदा उक्त र.नं.४७७४ बाट मिति २०६४।१०।१४ गते जग्गाको हकहस्तान्तरण भएको राजीनामा लिखतले कानूनी मान्यता पाउन सक्ने नदेखिने।

प्रतिवादीमध्येका रामउदगार गुरमैता यादवले मिति २०६४।१०।१४ गते र.नं.४७७४ बाट कि.नं.३००९ को ज.वि.०-१-० जग्गा यी पुनरावेदक प्रतिवादी सौखीदास तत्मालाई राजीनामा लिखत गरी दिएको जग्गाको वादी दाबीबमोजिम लिखत बदर नहुने गरी सुरू सिराहा जिल्ला अदालतबाट मिति २०६८।०५।१९।२ मा भएको फैसला उल्टी भई बदर हुने ठहरी भएको साबिक पुनरावेदन अदालत राजविराजको मिति २०७०।१०।२३ गतेको फैसला मनासिब देखिएकोले सदर हुने।

इजलास अधिकृत : ऋतबहादुर पुलामी मगर

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७६ साल जेठ ३ गते रोज ६ शुभम्।

इजलास नं.४

१७

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७३-CR-००३७, *कर्तव्य ज्यान, नेपाल सरकार वि. धनबहादुर भन्ने प्रमोसन बुढा*

मृतक र प्रतिवादी आमा छोरा नाता सम्बन्धका रहेको भन्ने देखिन्छ । परिवारमा बाबुको मृत्यु भइसकेको र प्रतिवादीका अन्य दाजुभाइ दिदीबहिनीहरू नरहेको, आमा छोरा एकासगोलमा बस्दै आएको भन्ने देखियो। प्रतिवादी २८ वर्ष उमेर समूहका अविवाहित रहेको भन्ने देखिन्छ । वारदात रातिको समयमा आफ्नो घरकोठामा भएको र अन्य मानिसहरू उपस्थित रहेको भन्ने देखिँदैन प्रतिवादीको घरमा हल्ला भएको सुनी के भएको रहेछ भनी बुझ्न आएका छिमेकी भिमे बुढालाई प्रतिवादीले घरको मामिला हो, नआइज भनेर धकेलेर बाहिर निकाली दिएको भन्ने तथ्य रहेको छ । गाउँमा आएका नचिनेका पाहुनासँग प्रतिवादीको विवाद हुँदा पाहुनाको सुन हराएको र हराएको सुनको मूल्य प्रतिवादीले तिर्नु बुझाउनुपर्ने भन्ने गाउँ समाजबाट निर्णय भएकाले उक्त पैसा तिर्न गाउँघरमा सापटी माग्दा कसैले नदिएको भन्ने प्रतिवादीको कथन देखिँदा प्रतिवादी दिउसैदेखि मानसिक तनावमा रहेको देखिने।

प्रतिवादी साँझ घरमा गई गाउँको उक्त पैसा तिर्न आमालाई रू.१५,०००।- कतै खोजी दिनु, तिरेर विदेश जान्छु भन्दा आमाले मलाई थाहा छैन जे गर्छस् गर् भनेकाले आमासँग झगडा भएको म पैसा खोज्दिन भन्दा रिस उठी भान्सा कोठामा आमा बसेको नजिकै रहेको बाल्न प्रयोग हुने दाउरा उठाई पिठ्युँमा, टाउकोमा प्रहार गरी हिँडेको भन्ने देखिन्छ। प्रतिवादीले मृतकलाई मार्न नै मनसाय भए वारदातस्थलमा कोही नभएको अवस्थामा जोखिमी घरायसी हतियार प्रयोग गरी शरीरका मर्मस्थल र संवेदनशील अङ्गमा प्रहार गरी ज्यान लिन सक्ने अवस्था देखिएको छ। प्रतिवादीले आमालाई घाइते अवस्थामा छाडी म बुबा मरेको ठाउँमा जान्छु मदेखि तपाइँ अघाउनुभयो भनी छोडेर हिँडेको देखिएको छ। मृतक र प्रतिवादीबिच पूर्वरिसइवी रहेको भन्ने देखिएको छैन । प्रतिवादीले आमाको ज्यान मार्ने मनसाय राखी षड्यन्त्र तयारी र योजना बनाएको भन्ने पनि मिसिल संलग्न कागजातबाट नदेखिने।

प्रतिवादी मृतक रहने बस्ने घर भान्सा कोठामा भएको भन्ने देखिएको छ, ज्यान मार्ने

मनसायले बाटो गौंडा छेकी थुनी मृतक भाग्न उम्कन नपाउने गरी एकान्तस्थल खोजी भए गरेको भन्ने देखिएको छैन, लुकी चोरी प्रहार गरेको भन्ने देखिएको छैन । वारदातमा भान्सा कोठामा मृतक आमा बसेको नजिकै रहेको बाल्न प्रयोग काठ दाउरा प्रयोग भएको भन्ने देखिन्छ । जोखिमी हातहतियार प्रयोग भएको भन्ने देखिएन । दिनभर मानसिक तनावमा रहेका प्रतिवादीले बेलुका आमाले समेत म सक्दिन जेसुकै गर्, म पैसा खोज्दिन भनेको अवस्थामा उठेको रिस थाम्न नसकी आत्म नियन्त्रण गुमाई उत्तेजित भई सोही वारदात स्थलमा नजिक रहेको दाउराले प्रहार गरी घाइते बनाई आमालाई छोडी घरबाट निस्केको भन्ने देखिँदा प्रतिवादी आवेशमा आई उक्त कसुर गरेको भन्ने देखिएकाले प्रस्तुत वारदात कसुर साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको नदेखिई सोही महलको १४ नं. मा उल्लिखित तत्त्वहरूको विद्यमानता रहेको देखिँदा प्रतिवादीले ऐ. ऐनको १४ नं. बमोजिमको कसुर गरेको ठहऱ्याई १० वर्ष कैदको सजाय गर्ने गरेको सुरु रूकुम जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत तुल्सीपुरको फैसला अन्यथा नदेखिने ।

प्रतिवादी धनबहादुर भन्ने प्रमोसन बुढालाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहर भएको रूकुम जिल्ला अदालतको मिति २०७२।२।२७ मा भएको फैसलालाई सदर हुने ठहऱ्याएको मिति २०७२।१०।०८ को पुनरावेदन अदालत तुल्सीपुरको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटरः राधिका घोरासाइने

इति संवत् २०७७ साल असार ३१ गते रोज ४ शुभम् ।

१८

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री टंकबहादुर मोक्तान, *०७७- WH-०००३, बन्दीप्रत्यक्षीकरण, भुपेन्द्र गोराजु वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

संविधानको धारा २० मा प्रत्याभूत मौलिक हकको अध्ययन गर्दा उक्त धाराको प्रत्येक उपधारामा उल्लेख भएका व्यवस्था कुनै न कुनै रूपमा स्वच्छ सुनुवाइको सिद्धान्तसँग सम्बन्धित रहेको देखिन्छ । अझ संविधानको धारा २० मा व्यवस्थित न्यायसम्बन्धी हकअन्तर्गत उपधारा (९) ले घोषितरूपमा स्वच्छ सुनुवाइलाई मौलिक हककै रूपमा मान्यता प्रदान गरेको ।

फौजदारी कसुरको आरोप लागेको व्यक्तिको सन्दर्भमा स्वच्छ सुनुवाइको सिद्धान्तको पालना अझ महत्त्वपूर्णरूपमा गरिनुपर्दछ । फौजदारी कसुरको अभियोग लागेका व्यक्तिलाई निजउपर लागेको अभियोगबारेमा कुनै जानकारी नदिई वा निजलाई आफ्नो निर्दोषिताको प्रमाण पेस गर्ने मौका नै नदिई एकतर्फीरूपमा मुद्दाको कामकारबाही एवम् निर्णय गरिन्छ भने त्यस्तो काम कारबाही र निर्णयलाई प्राकृतिक न्यायको सिद्धान्त एवम् सुनुवाइको सिद्धान्तअनुकूल भन्न मिल्दैन । स्वच्छ सुनुवाइको सिद्धान्त भनेको कुनै यान्त्रिक सिद्धान्त

नभई स्वच्छ न्याय प्रदान गर्ने सारवान माध्यम हो । यो सिद्धान्तको प्रयोग केवल औपचारिकता पूरा गर्नको लागि मात्र नभई आरोपित व्यक्तिलाई पूर्ण न्याय प्रदान गर्ने मार्गमा अनिवार्यरूपमा पालना गर्नुपर्दछ भन्ने कुरामा विवाद हुन सक्दैन । कानूनअनुरूप सुनुवाइको मौका नदिई कसैलाई सजाय भागी गराउन नहुने उक्त व्यवस्थाको मनसाय हो तर प्रस्तुत मुद्दामा उपर्युक्तानुसार सुनुवाइको मौका नदिइएको भन्न मिल्ने नदेखिने ।

मूलरूपमा सुनुवाइको हक अहरणीय हक हो । यो हकको प्रचलन अनिवार्यरूपमा हुनैपर्छ परन्तु यो असीमित हक होइन । सुनुवाइको सिद्धान्तको प्रयोगको पनि निश्चित सीमा हुन्छ । यो सिद्धान्तको पालना पनि कानूनबमोजिम नै हुने हुन्छ । कुनै पनि व्यक्तिलाई आफू विरूद्धको मुद्दामा जानकारी पाउने हक हुने भन्नुको अर्थ त्यस्तो हकको उपभोग आफ्नो स्वार्थअनुकूल हुने होइन । अभियोग लागेको व्यक्तिलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ मा उल्लेख भएको प्रक्रियाअनुरूप म्याद सूचना तामेल गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था हो । तर एकपटक सो कानूनी व्यवस्थाबमोजिम रीतपूर्वक म्याद तामेल भएपछि पटकपटक म्याद तामेल गर्नुपर्ने भन्ने संविधानको धारा २० एवम् मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ को उद्देश्य तथा मनसाय दुवै नहुने ।

मूलत: एकपटक फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ को रीत पुर्‍याई म्याद तामेल गरी तदनुरूप मुद्दाको काम कारबाही अघि बढी निर्णयसमेत भइसकेको र प्रतिवादीले सुनुवाइको अवसर प्राप्त गरेको कार्य अन्यथा नदेखिएको अवस्थामा रीतपूर्वक तामेल भएको म्याद बदर गरी मुद्दाको कामकारबाहीलाई अन्यथा गरिने हो भने सम्पूर्ण न्यायिक काम कारबाही अन्योलपूर्ण र अनिश्चित हुन जान्छ । अदालतले कानूनले निर्दिष्ट गरेको कार्यविधि उल्लङ्घन गरिएको वा त्यसको पालना नगरिएको अवस्थामा त्यसको वैधता परीक्षण गरी हेरी कानून प्रतिकूल भएको देखिएमा त्यस्तो काम कारबाही बदर हुने ।

निवेदकको वास्तविक घर ठेगानामा जारी भएको निजको नामको म्याद निजकै भाइ बुहारीले २ जना साक्षी र स्थानीय प्रतिनिधिको रोहबरमा बुझेको देखिन्छ । सो तामेली प्रक्रियामा कुनै पनि सारभूत र कार्यविधिगत त्रुटि भएको देखिएको छैन । म्याद तामेली भएपश्चात् निवेदक अदालतमा उपस्थित नभएपछि कानूनको रीतबमोजिम फैसला भएको छ । अर्कातर्फ यी रिट निवेदक फैसला कार्यान्वयनको क्रममा प्रहरीमार्फत पक्राउ परेपश्चात् उक्त मुद्दाको आफ्नो नाउँको तामेली म्यादी पुर्जी बदर हुनुपर्ने भनी जिकिर लिई स्थानीय निकायबाट मिति २०७७।०४।०५ मा भएको सर्जमिनको आधारमा यी निवेदक र निजका भाइ मिति २०७४।११।१० देखि मानो छुट्टिई भिन्न भई बसेको भनी सिफारिससहित उक्त तामेली म्यादी पुर्जी बदर हुनुपर्ने भनी जिकिर लिई प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ । सो समर्थन गर्न अन्य वतनमा बस्छु भनी आधिकारिक कुनै प्रमाण प्रस्तुत गरेको नपाइने ।

मिति २०७५।१०।१३ मा म्याद तामेल हुँदा एकासगोलको भाइ बुहारीले बुझेको भनी तामेल

भएको म्यादमा रोहबरमा उक्त सिफारिस दिने स्थानीय निकायका वडाध्यक्ष श्री राजकुमार जोशी रोहबरमा बसेको देखिन्छ । यदि निवेदक निजका भाइ विपेन्द्र गोराजुसँग मिति २०७४।११।१० देखि नै मानो छुट्टिई अलग भिन्न भई बसेको भनी मिति २०७७।०४।०५ को सर्जमिनमा उल्लेख भएको बेहोरा सत्य रहेको भए मिति २०७५।१०।१३ मा भाइ बुहारीले बुझेको म्यादमा नै एकासगोलमा भाइ बुहारी नरहेको भनी निज वडाध्यक्ष श्री राजकुमार जोशीले लेखाउन सक्नुपर्नेमा सो गर्न सकेको छैन । अर्थात् तत्कालीन समयमा एकासगोलमा रहेको भनी भाइ बुहारीले बुझेको म्यादमा केही कैफियत नजनाई निज वडाध्यक्ष रोहबरमा बसेको देखिँदा सो तामेली म्यादमा रहेको एकासगोल भनी उल्लेख रहेको बेहोरालाई मुद्दा परी फैसला भई पक्राउ परेपछि सिर्जित तथा तयार भएको सिफारिसको आधारमा मात्र सो तामेली बेहोरालाई अन्यथा मान्न नमिल्ने ।

रिट निवेदकका एकासगोलका भाइ बुहारीले आफ्नै हातले म्याद बुझेको देखिएको र उक्त तामेली प्रक्रिया फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ को रीत तथा निर्देश गरेको प्रक्रियाअनुरूपकै देखिएको हुँदा रिट निवेदकको नाममा जारी भएको उक्त म्याद तामेलीमा कुनै त्रुटि भएको नदेखिएकोले निवेदकलाई स्वच्छ सुनुवाइको मौकाबाट वञ्चित गरिएको भन्न मिल्ने नदेखिँदा रिट निवेदकलाई संविधान र कानून प्रदत्त स्वच्छ सुनुवाइको हकबाट वञ्चित गरिएको भन्ने रिट निवेदन दाबी एवम् निवेदकतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहससँग सहमत हुन नसकिने ।

निवेदकलाई अदालतबाट भएको फैसलाअनुसार निजलाई ठहरेको कैद सजाय कार्यान्वयनको क्रममा कैदमा राखेको देखिएकाले उक्त कार्य कानून प्रतिकूल नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषण, परमादेश तथा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सुशीलकुमार यादव

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७७ साल साउन २६ गते रोज २ शुभम् ।

१९

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी, *०७२-CI-११३१, उत्प्रेषणमिश्रित परमादेश, वन अधिकृत यादवप्रसाद धिताल वि. निगाले सिमेन्ट प्रा.लि. मूर्तिढुङ्गा, धनकुटा*

निवेदक उद्योगले नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय, वन विभागसँग मिति २०६९।१०।३ मा भएको सम्झौताअनुसार निवेदक उद्योगले वन क्षेत्रको प्रयोग गरेको, खनिजजन्य वन पैदावार प्रयोग गरी उद्योग सञ्चालन गरेको देखिन्छ । वनक्षेत्रको उपभोग गरेबापतको राजस्व सम्बन्धित जिल्ला वन कार्यालयमा दाखिला गर्नुपर्ने कुरा सम्झौतामै उल्लेख छ । सर्त नं.१४ बमोजिमको चुनढुङ्गा उत्खनन गरेबापत उद्योगले प्रचलित ऐन, नियमबमोजिमको बुझाउनुपर्ने राजस्व कसरी, कहाँ बुझाउने हो उल्लेख गरेको छैन । यस अवस्थामा कानूनबमोजिम तिर्नु, बुझाउनुपर्ने राजस्व सम्बन्धित खानी तथा भू-गर्भ विभागमा बुझाइरहेको देखिँदा अन्यथा मान्न नमिल्ने ।

जिल्ला वन कार्यालय धनकुटाले वन विभाग र निवेदक उद्योगका बिच भएको मिति २०६९।१०।३ को सम्झौताको सर्त नं. ४ र १४ बमोजिमको राजस्व रकम दाखिला गर्नु भनी निवेदक उद्योगलाई पत्र पठाएकोमा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम खानी तथा भूगर्भ विभागमा रोयल्टी बुझाएको, वन नियमावली, २०५१ को अनुसूची-६ को द्रष्टव्यमा दोहोरो राजस्व लिइने छैन भन्ने व्यवस्था रहेकाले दोहोरो राजस्व बुझाउनु नपर्ने भनी निवेदक उद्योगले मिति २०७०।५।२० मा लेखी पठाएकोले सम्झौताको सर्त नं.१४ बमोजिमको राजस्व लिनुपर्ने नपर्ने के हो ? द्विविधा भएको भनी वन विभागमा मिति २०७०।५।२० मा पत्राचार भएको भन्ने प्रतिलिपिबाट देखियो । निवेदक कम्पनीले मिति २०७०।५।१४ मा चुनढुङ्गा विषयको निवेदन वन विभागमा दिएकोमा निवेदनउपर कारबाही हुँदा सचिवस्तरको मिति २०६८।११।२ को निर्णयानुसार गर्नु भनी वन विभागले जानकारी गराएको भन्ने पत्रको प्रतिलिपिबाट देखिन आउने।

निवेदक निगाले सिमेन्ट प्रा.लि.ले चुनढुङ्गा उत्खनन गरेबापतको तिर्नु बुझाउनुपर्ने राजस्व खानी तथा भू-गर्भ विभागमा दाखिला गरेको भन्ने मिसिल संलग्न नगदी रसिदबाट देखिन्छ। वन नियमावली, २०५१ को अनुसूची-६ को द्रष्टव्य १ मा प्रचलित कानूनबमोजिम अन्य सरकारी निकायमा एकपटक राजस्व तिरिसकेको भए सोको लागि दोहोरो राजस्व लिने छैन भन्ने व्यवस्था गरेको छ । एकपटक चुनढुङ्गा उत्खनन गरेबापतको राजस्व तिरिसकेको भए दोहोरो राजस्व लिन उक्त वन नियमावलीको कानूनी व्यवस्थाले मिल्ने नदेखिने।

निवेदक उद्योगले खानी तथा भूगर्भ विभागमा राजस्व दाखिला गरिसकेको हुँदा वन नियमावली, २०५१ को अनुसूची (६) द्रष्टव्य १ बमोजिम दोहोरो राजस्व नलाग्ने हुँदा दोहोरो राजस्व माग गर्ने गरेको जिल्ला वन कार्यालय, धनकुटाको मिति २०७०।७।५ को पत्र उत्प्रेषणको आदेशले बदर गरी प्रचलित कानून र सम्झौताविपरीत हुने गरी निवेदकसँग दोहोरो पर्ने गरी कुनै राजस्व दस्तुर नलिनु, लिन नलगाउनु भनी जिल्ला वन कार्यालयको नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत धनकुटाको मिति २०७२।८।९ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मदनप्रसाद पराजुली
कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७७ साल २९ गते रोज २ शुभम्।

इजलास नं.५

२०

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री तेजबहादुर के.सी., *०७२-CR-०६३५, ०७२-CR-१३००, अपहरण तथा कर्तव्य ज्यान, नेपाल सरकार वि. सोनुकुमार झासमेत, बुझाउन यादवसमेत वि. नेपाल सरकार*

अभियोजन गर्दा तथा सुरू र पुनरावेदन अदालतबाट फैसला गर्दा Call details लाई महत्त्वका साथ उल्लेख गरेको देखिन्छ ।

जाहेरवालाको मोबाइल नं. ९८४४०२६२१० मा फोन गरी फिरौती माग्न प्रयोग भएको मोबाइल नं. ९८४५१३३२४७ भनी उल्लेख गरिएको छ। सो मोबाइल प्रतिवादीहरूमध्येका कसैको नाममा पनि रहेको भन्ने देखिँदैन । वारदातमा प्रयोग भएको मोबाइल नं. ९८४५१३३२४७ को धनी जिल्ला सिराहा, हनुमाननगर गा.वि.स. वा.नं. ८ बस्ने जहरा कामती हुन् भन्ने बेहोराको नेपाल टेलिकम मोबाइल सेवा निर्देशनालयको मिसिल संलग्न पत्रबाट देखिन्छ । सो मोबाइल प्रतिवादीहरूमध्ये को कसले प्रयोग गरेका हुन् भन्ने तथ्य खुल्न आएको देखिँदैन । निज मोबाइलका दर्तावाला भनिएका जहरा कामतीलाई बुझ्ने कामसमेत गरिएको देखिएन । मोबाइल र प्रतिवादीबिचको सम्बन्ध नदेखिएको अवस्थामा उक्त मोबाइलबाट यिनै प्रतिवादीहरूले फोन गरेको भनी अनुमानित निष्कर्ष निकाल्नु पनि न्यायोचित हुँदैन। जाहेरवाला पक्षसँग लेनदेनका विषयमा विवाद रहेको भनी देखाइएको सन्दर्भमा हेर्दा हत्याको वारदात हुनुभन्दा अगाडि नै लेनदेनसम्बन्धी विवादको छिनोफानो भइसकेको देखिन्छ। लेनदेनसम्बन्धी विवाद हुनुलाई नै स्वतः ज्यान मार्ने कारणको रूपमा लिइनु युक्तिसङ्गत नहुने।

प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा अभियुक्तउपरको कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहन्छ । अभियोजन पक्षले शंकारहित तवरबाट अभियोग दाबी प्रमाणित गर्न सक्नुपर्दछ। अन्यथा घटनाबाट पीडित पक्षले केवल शंका र विश्वास व्यक्त गरी पोल गरेको कुराकै भरमा कसैलाई पनि दोषी ठहर गर्नु हुँदैन। यो फौजदारी न्यायको सामान्य सिद्धान्त नै हो र यस अदालतले पटक-पटक न्यायिक व्याख्याको माध्यमबाट अनुशरण गरी आएको मान्यता पनि हो। यस पक्षमा कुनै विवेकपूर्ण दृष्टि नै नदिई प्रस्तुत मुद्दासम्बन्धी वारदातको विषयमा अनुसन्धानको नाममा सतही रूपमा केही कागजातसम्म खडा गरिएको देखिन्छ। समग्र मिसिल अवलोकन गर्दा प्रतिवादीका विरूद्धमा प्रमाणमा लिन सकिने खालको कुनै एउटा पनि प्रमाण सङ्कलन गरिएको वा पेस गरिएको देखिन आएन। अनुसन्धानकर्ताबाट भएको यस प्रकारको लापरवाहीपूर्ण अनुसन्धानलाई अभियोजनकर्ताको तहबाट सुधारको चेष्टा गरिनु अपेक्षित थियो । तर अभियोजनकर्ताले समेत अनुत्तरदायी तवरबाट अभियोजनको लेपन लगाइदिएको र २ दिनको अन्तरालमा २ वटा अभियोगपत्र (सुरू अभियोगपत्र र पूरक अभियोगपत्र) पेस गरेको देखिन्छ । अवधारणागत दृष्टिले हेर्दा प्रमाणको अभावमा गरिएको यस प्रकारको अनुसन्धान र अभियोजनलाई दुराग्रहपूर्ण (malicious prosecution) भन्नुपर्ने हुन्छ। यस अवस्थाको अनुसन्धान र अभियोजन छँदाछँदै तहतहका अदालतले अविवेकपूर्ण रूपमा प्रतिवादीहरूउपरको अभियोग दाबी ठहर गरेको पाइयो । परिणामतः प्रतिवादीहरूले लामो अवधि बन्दी-जीवन बिताउन बाध्य हुनुपरेको देखिन्छ । यसलाई न्यायिक कार्यका सरोकारवाला कसैका लागि पनि गर्वको विषय मान्न सकिँदैन। सङ्क्षेपमा भन्दा यस मुद्दालाई हाम्रो फौजदारी न्याय प्रणालीमा सुधारको सन्देश बोकेको, तर एउटा बिर्सनलायक कथा-वस्तुको रूपमा लिनुपर्ने अवस्था देखिने।

प्रतिवादीहरू रामशोभित यादव तथा

पोसपेन्द्र झा भन्ने सोनुकुमार झाले अपहरण तथा शरीर बन्धक लिनेको महलअन्तर्गतको कसुर गरेको भनी ठहर गरिएको फैसलाउपर निजहरूको पुनरावेदन परेको देखिएन । निजहरूको हकमा प्रमाणको स्थितितर्फ विचार गर्दा पुनरावेदन गरेका प्रतिवादीहरू बुझाउन यादव र रविन्द्रकुमार यादवसरह नै निजहरूका सम्बन्धमा पनि दाबी प्रमाणित हुने प्रमाणको पूर्णतः अभाव रहेको देखियो। यस अवस्थामा उपलब्ध प्रमाणको दृष्टिले बुझाउन यादव र रविन्द्रकुमार यादवसरह समान अवस्थामा रहेका यी प्रतिवादीहरूको हकमा सुरू तथा पुनरावेदन अदालतको त्रुटिपूर्ण फैसला कायम रहन दिनु न्यायोचित नदेखिने। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४ को उपदफा (२) बमोजिम निज प्रतिवादीहरू रामशोभित यादव तथा पोसपेन्द्र झा भन्ने सोनुकुमार झाका हकमा समेत सुरू तथा पुनरावेदन अदालतको फैसला उल्टी गरी निजहरूलाई पनि सफाइ दिनु मनासिब देखिने।

प्रतिवादीहरूलाई कसुरदार ठहऱ्याई सजाय गर्ने गरी भएको सुरू धनुषा जिल्ला अदालतको मिति २०६८/९/२० को फैसला र पुनरावेदन अदालत जनकपुरको मिति २०७१/१२/११ को फैसला त्रुटिपूर्ण देखिँदा सो फैसला उल्टी भई प्रतिवादीहरू बुझाउन यादव, रविन्द्रकुमार यादव, रामशोभित यादव तथा पोसपेन्द्र झा भन्ने सोनुकुमार झासमेतले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: मोहनप्रसाद बेल्वासे

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७७ साल असार १० गते रोज ४ शुभम्।

२१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री बमकुमार श्रेष्ठ, *०७४-CR-११८५, घुस / रिसवत लिई भ्रष्टाचार गरेको, नेपाल सरकार वि. बुद्धिजङ्ग गुरूङ*

घरको नक्सा अभिलेखीकरण गर्दा तथा तला थप गर्दा केही दस्तुर तिर्नुपर्ने हुन्छ। प्रतिवादी बुद्धिजङ्ग गुरूङले उजुरकर्ताको घरको नक्सा बनाएबापतको कन्सल्टेन्सी फी रू.२५,०००।-, तला थपबापत घरको जरिवाना रू.१०,०००।- र नक्सा पास दस्तुरबापत रू.१०,०००।- गरी जम्मा रू.४५,०००।- लिएको भनी जिकिर गरेको कुरा स्वयम् उजुरीकर्ता (जाहेरवाला) सानुकाजी महर्जनले विशेष अदालतमा गरेको बकपत्रबाट समर्थित भएको देखिन्छ । नक्सा डिजाइन आदि तयार गरेबापत सम्बन्धित प्राविधिकले केही कन्सल्टेन्सी दस्तुर लिनु स्वाभाविक देखिन्छ । स्वयम् उजुरीकर्ताले बरामद भएको रकम कन्सल्टेन्सी फीसमेत बापत दिएको हो भनी अदालतसमक्ष बकपत्र गरेको अवस्था छ । यस अवस्थामा प्रतिवादीले सो रकम रिसवतबापत लिएको हो भनी ठहर गर्नु मनासिब देखिँदैन । तसर्थ, प्रतिवादीउपरको आरोपित कसुर प्रमाणित भएको नदेखिँदा विना आधार प्रमाण प्रतिवादीलाई आरोपित कसुरमा कसुरदार ठहर गरी मागबमोजिम सजाय गर्दा न्यायसङ्गत हुने नदेखिने।

प्रतिवादीले घुस / रिसवत माग गरी लिई भ्रष्टचार गरे भन्ने आरोपित कसुर अभियोजन पक्षले शंकारहित तवरबाट पुष्टि गरेको नदेखिँदा प्रतिवादी बुद्धिजङ्ग गुरूङउपरको आरोप दाबी पुग्न नसक्ने

भई आरोप दाबीबाट प्रतिवादीले सफाइ पाउने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७४।१०।२५ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : बिना गौतम

इति संवत् २०७७ साल आषाढ ४ गते रोज ५ शुभम्।

२२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री हरिप्रसाद फुयाल, ०७६-WH-०२४२, बन्दीप्रत्यक्षीकरण, *सुरेन्द्र थापा वि. जिल्ला प्रहरी कार्यालय, सिन्धुलीसमेत*

निज सुरेन्द्र थापाले विष्फोटक पदार्थ ऐन, २०१८ को दफा ४ बमोजिम, मुलुकी अपराध संहिता, २०७४ को दफा २८५(१) बमोजिम र सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३(१)(३)(ख), (५) बमोजिम कसुर गरी बम विस्फोटको घटना घटाएको हुँदा प्रहरी प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सुरेन्द्र थापासमेत भएको सङ्गठित अपराध तथा बम विष्फोट शिर्षकमा मुद्दा दर्ता गरिएको र वारदातपश्चात् फरार रहेका निज प्रतिवादी सुरेन्द्र थापालाई मिति २०७६।१०।०६ गते १०:०० बजेको समयमा जिल्ला उदयपुर त्रियुगा न.पा. वडा नं.१० स्थितबाट पक्राउ गरी जिल्ला सरकारी वकिल कार्यालय सिन्धुलीमार्फत सिन्धुली जिल्ला अदालतमा उपस्थित गराई मिति २०७६।१०।०६ गतेबाट लागु हुने गरी पहिलो पटक दिन १० (दश) र मिति २०७६।१०।१६ गतेबाट लागु हुने गरी दोस्रो पटक दिन १० को म्याद थप गरी अनुमति प्रदान भई कानूनले प्रदत्त गरेको अधिकार प्रयोग गरी हिरासतमा राखेको भन्ने सिन्धुली जिल्ला अदालतसमेतको लिखित जवाफबाट देखिने।

रिट निवेदक सुरेन्द्र थापाउपर जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा सङ्गठित अपराध तथा बम विष्फोट गराई क्षति पुऱ्याएको शिर्षकमा मुद्दा दर्ता भई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) बमोजिम म्याद थप गरी अनुसन्धान कार्य जारी रहेको पाइयो। निज सुरेन्द्र थापाको अनुसन्धानको सम्बन्धमा अपनाउनुपर्ने कानूनी प्रक्रियाको बारेमा प्रश्न नभएको, अनुसन्धान गर्ने अवधि बाँकी नै रहेको, मिसिल संलग्न प्रमाण हेर्दा बम विस्फोटमा निजको संलग्नताको विषयमा सम्बन्धित निकायले प्रमाण मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने विषयसमेत देखिएको, जरूरी पक्राउ पुर्जी जारी गरी रीतपूर्वक कानूनबमोजिम थुनामा राखिएको हुँदा अन्यथा भन्न मिल्ने अवस्था देखिएन । निवेदनका सन्दर्भमा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपरेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : सृजना गौतम

इति संवत् २०७६ साल माघ २९ गते रोज ४ शुभम्।

इजलास नं.६

२३

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी, ०७७-WO-०१९०, उत्प्रेषण, *चन्द्र प्रकाश रोकाय वि. पूर्वाञ्चल विश्वविद्यालय,*

परीक्षा व्यवस्थापन कार्यालय, विराटनगर, मोरङ

निवेदक पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धन प्राप्त हिमालयन एग्रीकल्चर अफ साइन्स एण्ड टेक्नोलोजी कलंकी काठमाडौंको स्नातक तहको आंशिकतर्फको परीक्षार्थी भएको कुरामा कुनै विवाद नदेखिने। परीक्षा नियन्त्रण कार्यालयले नियमित तथा आंशिकतर्फका विद्यार्थीसमेतको लागि एकैसाथ परीक्षा फाराम भर्ने सूचना प्रकाशित भएको र यी निवेदकले सो सूचनाबमोजिम फारामसमेत भरेको भन्ने देखिएको छ। विश्वविद्यालयबाट परीक्षा फाराम भराइसकेपछि परीक्षा नलिने वा परीक्षा दिन नपाउने भन्ने हुन सक्दैन । यी निवेदकले आंशिकतर्फ आफू अनुत्तीर्ण भएको विषयमा परीक्षा दिन पाउने नै हुने।

नियमित र आंशिकतर्फ एकैसाथ परीक्षा फाराम भराएपछि एकैसाथ परीक्षा लिने र परीक्षाफल पनि एकैसाथ प्रकाशित गर्नुपर्नेमा नियमित र आंशिक परीक्षार्थीमा विभेद गरी नियमिततर्फका विद्यार्थीहरूको लागि मात्र परीक्षा तालिका प्रकाशित गरिएको भन्ने निवेदन जिकिर सम्बन्धमा हेर्दा, विश्वभर फैलिएको कोरोना भाइरस महामारीबाट नेपाल पनि प्रभावित भएको अवस्थाको विषम परिस्थितिबाट जोगिँदै विद्यार्थीहरूको उज्ज्वल भविष्यको लागि परीक्षाहरू सञ्चालन गर्दा सुरक्षित र फरक ढङ्गबाट सञ्चालन गर्न विश्वविद्यालयले विभिन्न तरिका अवलम्बन गर्न सक्ने नै हुन्छ । यो व्यवस्थापनको विषय हो । सम्बन्धित अधिकारीहरूले परीक्षार्थीहरूलाई मर्का नपर्ने गरी विवेकसम्मत् तरिकाले परीक्षा लिने र परीक्षाफल प्रकाशित गर्न पाउने।

विश्वविद्यालयको परीक्षा नियन्त्रकको लिखित जवाफमा कोरोना भाइरसको सङ्क्रमणको कारण विद्यार्थीहरूको परीक्षा सञ्चालन **Time-Bound House exam** प्रविधिबाट सञ्चालन गर्ने निर्णय भएअनुसार पहिलो चरणमा नियमिततर्फका विद्यार्थीहरूको लागि परीक्षा सञ्चालन गर्न सूचना प्रकाशित गरिएको, आंशिकतर्फ पनि छिट्टै परीक्षा सञ्चालन गर्ने र परीक्षाफल एकैपटक प्रकाशित गर्ने भन्ने उल्लेख भएको छ । विश्वविद्यालयको तर्फबाट उपस्थित कानून व्यवसायीले हाल आंशिकतर्फ पनि परीक्षा सञ्चालन भइसकेको भन्ने जिकिर लिनुभएको छ । यस अवस्थामा नियमिततर्फका परीक्षार्थीसँगै निवेदकले पनि परीक्षा दिन नपाएको कारणले मात्र निजको संविधान तथा कानूनबमोजिमको हकमा आघात पुगेको भनी रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने।

निवेदकको हक हनन भइसकेको अवस्था विद्यमान नदेखिएको र विवादित विषय सामान्य रूपमा परीक्षाको सञ्चालन र परीक्षाफलको प्रकाशनसँग सम्बन्धित भई निवेदकले परीक्षासमेत दिइसकेको अवस्था देखिँदा मागबमोजिमको आदेश जारी गर्न उचित र आवश्यक देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : लालबहादुर कार्की

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७७ साल चैत १० गते रोज ३ शुभम्।

२४

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी, *०७६-WO-००९३, उत्प्रेषण, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम*

परिषद्समेत वि. भक्तपुर प्राविधिक तालिम केन्द्र प्रा.लि. समेत

निवेदक व्यावसायिक तालिम परिषद्उपर विपक्षी भक्तपुर तालिम केन्द्रले उच्च अदालत पाटनमा ०७६-WO-००३२ को उत्प्रेषण परमादेश मुद्दा दायर गरेको देखिन्छ । प्रस्तुत रिट निवेदन पुनरावेदन अदालत पाटनमा दायर भएको रिटमा मिति २०७६।०४।१६ भएको अन्तरिम आदेश बदरसँग सम्बन्धित रहेको पाइयो । हाल उक्त रिट निवेदनमा निवेदक संस्थाले कानूनबमोजिमको प्रक्रिया पूरा गरी नवीकरण गरेको भन्ने देखिन नआएबाट शैक्षिक वर्ष २०७६/०७७ लागि मिति २०७६।४।९ को गोरखापत्रमा प्रकाशित सूचनामा निवेदक संस्थाको नाम समावेश हुन सक्ने अवस्था नदेखिएकोले उत्प्रेषणको आदेश जारी गर्नुपरेन भन्दै मिति २०७६।७।४ मा उच्च अदालत पाटनबाट सो रिट निवेदन खारेज गर्ने गरी आदेश भएको कुरा मिसिल संलग्न फैसलाको प्रतिलिपिबाट देखिएको ।

जुन आदेशउपरको रिट हो सोलाई उच्च अदालत पाटनबाट मिति २०७६।७।४ मा भएको फैसलाले प्रतिस्थापन गरेको देखिएको र निवेदकले जिकिर लिएका विषयवस्तुका सम्बन्धमा उक्त फैसलामा लेखिएबमोजिम नै हुने भएबाट प्रस्तुत रिटको प्रयोजन समाप्त भएको हुँदा अन्य कुरातर्फ विचार गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : लालबहादुर कार्की

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७७ साल चैत १० गते रोज ३ शुभम् ।

इजलास नं.७

२५

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल, *०६९-CI-०५२४, नापी निर्णय टिप्पणी आदेश बदर मिलापत्र बदर दर्ता बदर सार्वजनिक कायम, वैधनाथप्रसाद गुप्ता वि. राजकुमार मोदीसमेत*

दे.नं.१०४६ को सार्वजनिक बाटो खिचोला छोडाई चलन मुद्दा र दे.नं.१७०३ को **नापी निर्णय टिप्पणी आदेश बदर मिलापत्र बदर दर्ता बदर सार्वजनिक कायम मुद्दा एकै लगाउको देखिएकोले दुवै मुद्दा साथै राखी एकैदिनमा फैसला गर्नुपर्नेमा** दे.नं.१०४६ को सार्वजनिक बाटो खिचोला छोडाई चलन मुद्दामा वादीले मिति २०६४।९।२९ गतेको तारिख गुजारेको हुनाले मिति २०६५।३।१८ मा डिसमिस फैसला गरेको र सोही मुद्दाको लगाउ कायम भएको दे.नं.१७०३ नापी निर्णय टिप्पणी आदेश बदर मिलापत्र बदर दर्ता बदर सार्वजनिक कायम मुद्दा पेसी सूचीबाट हटाई मिति २०६५।३।३१ मा फैसला गरेको देखिएकोले कानूनद्वारा निर्धारित कार्यविधि एवं प्रतिपादित न्यायिक सिद्धान्त र मूल्य मान्यताविपरीत भएको देखिन आएकोले सुरू पर्सा जिल्ला अदालतबाट फिराद दाबी पुग्न नसक्ने ठहऱ्याई भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको नदेखिने ।

सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६५।३।३१ मा फिराद दाबी पुग्न नसक्ने

ठहऱ्याई भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।३।१३ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने । दुवै मुद्दाको मिसिल लगाउमा साथै राखी जे जो बुझ्नुपर्ने हो बुझी कानूनद्वारा निर्धारित उचित प्रक्रिया पुऱ्याई पुन: निर्णय गर्नु भनी मुद्दामा हाजिर रहेका दुवै पक्षहरूलाई सुरू जिल्ला अदालतमा तारिख तोकी प्रस्तुत मुद्दाको सुरू मिसिलसमेत सुरू पर्सा जिल्ला अदालतमा पठाइदिने ।

इजलास अधिकृत : लालसिंह थापा

कम्प्युटर : शान्ति तामाङ

इति संवत् २०७७ साल मङ्सिर २८ गते रोज १ शुभम्।

२६

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री पुरूषोत्तम भण्डारी, *०७२-CR-१३६७, नकबजनी चोरी, नेपाल सरकार वि. सरोज यादवसमेत*

प्रतिवादी सरोज यादव र राजु महतोले बरामदी मुचुल्कामा उल्लिखित सामान चोरी गरी मिति २०७१।१।११ गते बोरामा राखी बिक्री गर्न बोकी हिँडेको अवस्थामा पक्राउ परेको कुरा मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष स्वीकार गरेको अवस्था छ । सो बरामदी सामानको मूल्य रू.६३,७५०।- भएको देखिन्छ । नपुग बिगो रू.५,८६,४५०।- का सामानहरू प्रतिवादीहरूबाट बरामद हुन सकेको अवस्था देखिँदैन । विश्वकर्मा स्टिल प्रा.लि.का प्रोप्राइटर रामाकान्तप्रसाद चौरसियाले दिएको हुलिया निवेदनमा उल्लिखित सबै सामानहरू यिनै प्रतिवादीहरूले चोरी गरी लगेका हुन् भन्ने मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन सकेको अवस्था पनि छैन । प्र.ना.नि. अरूणकुमार कुशवाहाले अदालतमा आई बकपत्र गर्दा बरामदी मुचुल्कामा लिखित सामानहरूसाथ प्रतिवादीहरू पक्राउ परेका हुन् भनी उल्लेख गरेकोसम्म पाइन्छ । बरामद भएका सामानबाहेकका अभियोग दाबीबमोजिमका सामानहरू यी प्रतिवादीहरूले नै चोरी गरेका हुन् भन्ने तथ्ययुक्त प्रमाणहरूबाट पुष्टि हुन सकेको अवस्था नहुँदा नपुग बिगोमासमेत प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिने अवस्था नदेखिने ।

नकबजनी चोरीमा डेढी बढाई कैद र जरिवाना दुवैमा सजाय गर्नुपर्नेमा कैदमा मात्र डेढी बढाई सजाय गरेको र जरिवानामा डेढी नबढाई बिगोबमोजिम मात्र सजाय गरेको सुरू फैसला र सो फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला कानून र न्यायको रोहमा मिलेको नदेखिने ।

प्रतिवादी सरोजकुमार यादवलाई पटके कायम गरी सजाय नगरेको भन्ने जिकिरतर्फ विचार गर्दा प्रतिवादी सरोजकुमार यादवउपर दोस्रो पटक चोरीको कसुरमा सजायको दाबी लिए पनि निजले मिति २०७१।२।५ मा सुरू अदालतबाट भएको फैसलाबाट सफाइ पाएको मिसिल संलग्न कागजातबाट देखिन्छ । माथिल्लो तहको अदालतबाट निजको कसुर पुष्टि भई सजाय भएको नदेखिने । पटके कसुर कायम गर्ने सम्बन्धमा मिसिल संलग्न कागजातबाट थप पुष्टि हुन आएको नदेखिँदा निज प्रतिवादीउपरको पटके सजायको अभियोग दाबी पुष्टि नहुने ।

प्रतिवादीहरू सरोज यादव र राजु महतोको हकमा नकबजनी चोरीमा बिगो रू.६३,७५०।- मात्र चोरी गरेकोले रू.६३,७५०।- जरिवाना र उक्त महलको १४(१) नं. अनुसार जनही डेढ महिना कैद सजाय हुने गरी बारा जिल्ला अदालतबाट मिति २०७१।७।२६ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।५।८ को फैसला केही उल्टी भई नकबजनी चोरीमा उक्त चोरीको महलको १४(१) नं. अनुसार बिगो रू.६३,७५०।- (त्रिसठ्ठी हजार सात सय पचास रूपैयाँ) को डेढीले हुने रू.९५,६२५।- (पन्चानब्बे हजार छ सय पच्चिस रूपैयाँ) यी प्रतिवादीहरू सरोज यादव र राजु महतोलाई जनही जरिवाना हुने।

इजलास अधिकृत : लालसिंह थापा

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल साउन १५ गते रोज ५ शुभम्।

२७

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०६८-WO-०८२२, उत्प्रेषण / परमादेश, पार्वती कुर्मीनीसमेत वि. पुनरावेदन अदालत बुटवल, रूपन्देहीसमेत*

प्रस्तुत मुद्दामा निवेदकमध्येका पुजारी कुर्मीले आफैँले तायदातीमा खुलाएको र फैसलामा परेको जग्गा सम्पत्तिहरू फैसलाअनुरूप कार्यान्वयन हुन नपाउँदै वनबारीको भागमा पर्ने जग्गासमेत हक हस्तान्तरण गरेको देखिन्छ। मिति २०४४।१०।१२ मा तत्कालीन क्षेत्रीय अदालतबाट फैसला भएपछि कार्यान्वयनकै कारबाहीका क्रममा पुजारी कुर्मीले वारेसनामा किर्ते र जालसाजी मुद्दा दायर गरेको र लामो समय यस्ता मुद्दाको कारण फैसला कार्यान्वयन नभएको अवस्थामा यी पुजारी कुर्मीले तारेख गुजारेको कारण मिति २०६४।२।१६ मा डिसमिस भएपछि मात्र अंश मुद्दा कार्यान्वयनको बाटो खुलेको देखियो । तर सो डिसमिस फैसला हुनुअगावै मिति २०६४।१।९ मा पुजारी कुर्मीले पार्वती कुर्मीलाई राजीनामा गरी जग्गा नामसारी गरिदिएबाट अंश मुद्दालाई प्रभावित गर्ने पूर्वसोच बनाई विपक्षीमध्येमा वनबारी कुर्मीको भागमा परेको जम्मा ४ भागको १ भाग जग्गासमेत बिक्री देखाई नामसारी गरेको प्रस्टै देखिन्छ । यस प्रकृतिको कपटपूर्ण व्यवहारलाई अदालतले न्याय निरूपण गर्दा गम्भीरतापूर्वक हेर्ने।

बन्डा मुचुल्का अंश मुद्दाको तायदाती फाँटवारीमा परी ठहर फैसला भएको जग्गामध्येकै जग्गाबाट भएको पाइन्छ । यो कित्तामा वा यसरी बन्डामा जग्गा लिनुपर्ने भन्ने अधिकार सम्बन्धित अंशियारलाई हुन्छ । साबिक मुलुकी ऐन, दण्ड सजायको ६१ नं. को व्यवस्था हेर्दा, *"फैसला कार्यान्वयनको सिलसिलामा तहसिलदार कर्मचारीले गरेको काम कारबाहीमा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सोही अड्डाका हाकिम छेउ पन्ध्र दिनभित्र उजुर गर्न सक्ने छ । निजले गरेको निर्णयमा चित्त नबुझे अदालती बन्दोबस्तको महलको १७ नं. बमोजिम पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सक्ने छ । त्यस्तो उजुर परेमा उजुर सुन्नेले उजुर परेको मितिले दुई महिनाभित्र कारबाही किनारा गरिदिनुपर्ने छ"* भन्ने व्यवस्था छ । सीताराम राय यादव विरूद्ध धनई राय यादव (ने.का.प.२०५६, अङ्क ८, निर्णय नं.६७६२) भएको लिलाम तथा

दर्ता बदरसमेत मुद्दामा *"जिल्ला अदालतबाट लिलामसम्बन्धी कार्य सम्पन्न भई तामेलीमा राख्ने आदेश भएको अवस्थामा दण्ड सजायको ६१ नं. अनुरूप तहसिलदारको आदेशउपर जिल्ला न्यायाधीशसमक्ष र जिल्ला न्यायाधीशको आदेशउपर तत्कालीन अञ्चल अदालत हालको पुनरावेदन अदालतमा अ.बं.१७ नं. बमोजिमको निवेदन दिन पाउने नै देखिँदा निवेदकले दण्ड सजायको ६१ नं. को उपचारको बाटो अपनाउनुपर्ने हुन्छ । प्रस्तुत फिरादबाट नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त निवेदकको कुन अधिकार हनन हुन गई प्रचलन गराउन आएको हो, स्पष्ट देखाउन बताउन नसकेको अवस्था तथा बिगो भरिभराउको सन्दर्भमा जिल्ला अदालतबाट भएको लिलामको विषयमा दण्ड सजायको ६१ नं. नै आकर्षित हुने देखिएबाट नागरिक अधिकार ऐनअन्तर्गत आएको प्रस्तुत फिराद लाग्न नसक्ने हुँदा खारेज हुने"* भनी सिद्धान्तसमेत प्रतिपादन भएबाट पनि अंश मुद्दाको फैसलाअनुसार भएको बन्डा मुचुल्कामा अंशियारहरूबाहेक अन्य व्यक्तिले हस्तक्षेप गर्न नमिल्ने ।

अर्कोतर्फ, यिनै निवेदकहरूमध्ये पार्वती कुर्मीनीका पति रामदेवप्रसाद कुर्मीसमेत प्रतिवादी र विपक्षी व्यक्तिहरूसमेत वादी प्रतिवादी भई चलेको संवत् २०६९ सालको दे.नं.८३५ देखि ८५० सम्मका लिखत बदर मुद्दाहरू सुरूमा मुल्तवीमा रहेको र पछि उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।११।२२ मा सुरू सदर हुने ठहरी फैसला भई कार्यान्वयनको प्रक्रियामा रहेको अवस्था छ । यसमा दाता पुजारी कुर्मीले अंश मुद्दाको वनबारी कुर्मीको वारेसनामा किर्ते जालसाजी हो भनी फौ.नं.३१० को किर्ते जालसाजी मुद्दा दायर गरेको देखिन आयो । उक्त मुद्दामा वारेसनामा नै विवाद देखिन आएकोले उक्त मुद्दा फैसला भएपछि साथै राखी पेस गर्नु भनी आदेश भएकोमा उक्त फौ.नं.३१० को फैसलासहितको मिसिलबाट निवेदकमध्येका पुजारी कुर्मीले तारेख गुजारी बसेपछि उक्त मुद्दा डिसमिस भएको भन्ने देखिएको ।

कुनै पनि व्यक्ति अदालतमा आउँदा सफाहात र स्वच्छ हृदयले आउनुपर्दछ । यी पुजारी कुर्मी र वनबारी कुर्मीबिच अंश मुद्दा चली वनबारी कुर्मीले पुजारी कुर्मीको नामको ४ भागको १ भाग जग्गा पाउने ठहर भएपछि अन्य विभिन्न मुद्दा सिर्जना गरी फैसला कार्यान्वयनमा नियतवश अवरोध गरी लामो समय कार्यान्वयन गर्न नदिई आफूले जग्गा यी निवेदक पार्वती कुर्मीनीलाई नामसारी गरी नयाँ विवाद सिर्जना गराई पुन: विवाद लम्ब्याउने भरमग्दुर प्रयास गरेको प्रस्टै देखिएको छ । कुनै पनि व्यक्तिको अंश जस्तो नैसर्गिक अधिकारलाई प्रचलनमा ल्याउनबाट रोक्न गरिएको कपटपूर्ण व्यवहारलाई अदालतले स्वीकार गर्न सक्दैन । अंश दिनुपर्ने ठहर भइसकेपछि कार्यान्वयनको स्थितिमा रहेको जग्गा तेस्रो पक्षलाई पारित गरिदिनु आफैँमा दूषित कार्य हो, त्यस्तो दूषित कार्यको जरियाबाट सिर्जना भएको हक कानूनी रूपमा स्थापित गर्न मिल्दैन । सुरूको नामसारी नै दूषित प्रकृतिको हो त्यस्तो दूषित कार्यपश्चात् जग्गा खरिद गर्नेले अदालतबाट अन्तिम फैसला भई कार्यान्वयनको सिलसिलामा त्यस्तो अंश हक प्राप्त गर्नेलाई वञ्चित गर्न गरेका कपटपूर्ण कार्यले वैधानिकता पाउन

नसक्ने हुँदा यी निवेदकहरूले उपर्युक्तबमोजिम फैसला कार्यान्वयनको विषयमा निवेदन गर्ने हक प्राप्त गर्न सक्ने अवस्था नै नदेखिने।

अतः मिति २०६७।१।४ मा भएको बन्डा मुचुल्का र मिति २०६७।१।२८ गते भएको तामेली आदेश एवं सो मुचुल्का र आदेशसमेतलाई सदर कायम राख्ने गरी भएको मिति २०६७।९।२३ गतेको कपिलवस्तु जिल्ला अदालतको आदेश र उक्त आदेशलाई सदर गर्ने पुनरावेदन अदालत बुटवलको मिति २०६८।४।१९ गतेको आदेशसमेत बदर गराइपाउँ भनी निवेदन दिने हकदैया यी निवेदनहरूसँग नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सीता अधिकारी

कम्प्युटर : शान्ति तामाङ

इति संवत् २०७६ साल पौष २७ गते रोज १ शुभम्।

इजलास नं.८

२८

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी., *०७५-CR-००८७, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. संजय चनसमेत*

प्रतिवादीहरूले जाहेरवाली सिर्जना गुरागाइँ र निजका श्रीमान् मधुर गुरागाइँबाट निज पतिपत्नीलाई वैदेशिक रोजगारको लागि अष्ट्रेलिया पठाइदिने विभिन्न मितिमा भनी IME र कागज गरी रू.१७,४५,०००।- रकम लिए खाएको भनी पुनरावेदन जिकिर रहेकोमा जाहेरवालाले पेस गरेको कागजहरू हेर्दा प्रतिवादीको नाउँमा सन् २०१६।४।३ (वि.सं. २०७२।१२।२१) मा रू.४५,०००।- को IME रसिद, मिति सन् २०१६।२।१५ (२०७२।११।३) मा बैङ्कमा रू.१,००,०००।- को बैङ्क भौचर र मिति सन् २०१६।५।१६ (२०७३।२।३) मा रू.२,००,०००।- को चेक दिई प्रतिवादीले जम्मा रू. ३,४५,०००।- भुक्तानी लिएको भए पनि जाहेरवालीले प्रतिवादीलाई *IME,* बैङ्क भौचर र बैङ्क चेकमार्फत रकम पठाएको मिति र मिति २०७३।२।६ मा घरायसी खर्चका लागि लेनदेन गरेको कागज खडा गरेको मितिलाई विचार गर्दा सम्पूर्ण कारोबार भएपश्चात् मात्र लिखत कागज गरेको र जाहेरवालीको ससुराले प्रतिवादी संजय चनलाई छुट्टै रू.७,००,०००।- (सात लाख रुपैयाँ) रकम दिई लिखत खडा गरेको हो भनी कहीँ उल्लेख पनि गरेको नपाइएकोले ती सबै रकम जोडी रू.७,००,०००।-(सात लाख रूपैयाँ) को मात्र तमसुक भएको अवस्था देखिँदा प्रतिवादीहरूले रू.१७,४५,०००।– (सत्र लाख पैंतालिस हजार) लिएको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदकको तर्फबाट प्रतिवादीहरूले जाहेरवालीसमेतलाई वैदेशिक रोजगारका लागि अष्ट्रेलिया पठाउनका लागि रकम लिएको भन्ने कुरा टिकट र भिसाबाट पुष्टि हुने जिकिर लिएकोमा जाहेरीसाथ पेस भएको सिर्जना गुरागाइँको हवाई टिकट र भिसाको छायाँ प्रतिहरू हेर्दा, अष्ट्रेलिया जान लागेकोसम्म देखिए तापनि त्यसैसाथ पेस गरिएको Registration Firm मा सिर्जना गुरागाइँ Production Manager रूपमा मिति (20 & 30

May 2014) मा Sydney, Australia मा Asia Pacific GLS Seminar सहभागी हुन जान लागेको र भिसाको Condition मा No work, No Formal Study, No Residence भन्ने उल्लेख गरी उक्त भिसाको वैध समयावधि सन् २०१६ जुन २८ सम्म मात्र रहेको मिसिल संलग्न भिसाको फोटोकपीबाट देखिँदा निज सिर्जना गुरागाइँ अष्ट्रेलिया वैदेशिक रोजगारमा नभई Asia Pacific GLS Seminar मा जान लागेको हो भन्ने देखिएबाट प्रतिवादीहरूले जाहेरवालीसमेतलाई वैदेशिक रोजगारमा अष्ट्रेलिया पठाउन प्रलोभन देखाई रकम लिएको भन्ने कुरा प्रमाणहरूबाट पुष्टि भएको नदेखिने।

प्रतिवादीहरू संजय चन र विजय खनाल भनिने विजय वि.क.उपरको अभियोग दाबी शंकारहित तवरले पुष्टि हुने प्रमाण वादीबाट पेस भएको नदेखिकाले निजहरूउपर लगाइएको अभियोग दाबी पुग्न नसक्ने भनी प्रतिवादी संजय चन र विजय खनाल भनिने विजय वि.क.ले आरोपित कसुरबाट सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेको नै देखिँदा उक्त फैसला सदर हुने।

इजलास अधिकृत : मिलनचन्द्र महत

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७६ साल पौष १६ गते रोज ४ शुभम्।

२९

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७५-RC-००११, कर्तव्य ज्यान, नेपाल सरकार वि. राजाराम तिमिल्सिना*

प्रतिवादी राजाराम तिमिल्सिनाउपर छोरा प्रनिललाई काँडाघारी स्थित आफ्नो डेरा कोठामा लगी हत्या गरेको भन्नेसमेत बेहोराको किटानी जाहेरी दरखास्त परेको पाइन्छ। सोही जाहेरीको आधारमा मुद्दाको अनुसन्धान भई मृतक प्रनिल तिमिल्सिनाको शरीरबाट निकालिएको भिषेरा, कोठाबाट भेटिएको औषधीको बट्टासमेतको परीक्षण हुँदा सोमा Organo-Phosphorus and Organo-chlorin insecticides भेटिएको भन्नेसमेत बेहोराको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन रहेको देखिन्छ। यी प्रतिवादी राजाराम तिमिल्सिनाले छोरा प्रनिलसमेतलाई विष खुवाई मारेको हो भनी मौकामा कागज गर्ने राधेश्याम पाण्डे, पवित्रा तिमिल्सिना तथा वस्तुस्थिति मुचुल्काका रिना पाण्डे, रमेश डंगोललगायतले कागज गरेको अवस्था छ। स्वयं प्रतिवादी राजाराम तिमिल्सिनाले आफू र छोरासमेत मर्ने उद्देश्यले विष सेवन गरेको गराएको हो भनी अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष बयान गरेको पाइन्छ। यसप्रकार उल्लिखित सबुत एवं प्रमाणको आधारमा यी प्रतिवादी राजाराम तिमिल्सिनालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. बमोजिमको कसुर अपराधमा ऐ. ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर हुने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रस्तुत मुद्दामा प्रतिवादी राजाराम तिमिल्सिनालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित

जन्मकैद हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि "**मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन**" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा "**कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ**" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्ने प्रावधान रहेको नहुँदा प्रस्तुत मुद्दामा प्रतिवादी राजाराम तिमिल्सिनालाई सर्वस्वको सजाय हुने देखिएन । तसर्थ, निज प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने ठहर्छ। साथै सर्वस्वको सजाय नहुने भएकोले निजको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको रोहबाट रोक्का राखिएको भए फुकुवासमेत हुने ।

पारिवारिक बेमेल तथा अविश्वासको कारण विष सेवन गर्नुपरेको तथा विष सेवन गराएको तथ्य अन्तर्निहित रहेको प्रस्तुत मुद्दाको परिप्रेक्ष्यमा अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैदको सजाय गर्ने भनी राय व्यक्त गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनबाट भएको फैसलाउपर दृष्टिगत गर्दा सर्वस्वसहित जन्मकैदको सजाय ठहऱ्याई राय व्यक्त गरेको कैद वर्ष १२ को सट्टा ८ वर्ष कैद कायम गर्दा पनि न्यायको मक्सद पूरा हुने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई कैद वर्ष ८ कायम हुने ।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७५ साल पौष २४ गते रोज ३ शुभम् ।

३०

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, *०७६-RC-००५५, कर्तव्य ज्यान, नेपाल सरकार वि. मन्दिरा गुरूङ*

रातको समयमा मृतक तेजबहादुर गुरूङको मृत्यु भएको देखिएको, घरमा मृतक, यी प्रतिवादी र निजहरूको छोरा मात्र रहेको देखिन्छ । मृतकको शरीरमा टाउकोको बायाँ भागमा चोट, टाउकोको पछाडि २ इन्च लामो काटिएको घाउ, बायाँ कानमाथि चोट, दायाँ आँखामुनि काटिएको चोट, नाकको दायाँ प्वाल तथा दायाँ भाग सुन्निएको, सो भागबाट रगत जस्तो पदार्थ बगेको, दायाँ घुँडामुनि चोट रहेको तथ्य लासजाँच मुचुल्कामा उल्लेख भएको पाइन्छ । वारदातस्थल बाहिर बारीबाट फलामको कुटो बरामद भएको देखिएको र सो कुटोले आफूले पतिलाई बाथरूम जान लागेको अवस्थामा प्रहार गरी निज ढलेपछि निजको मुख थुनी मारेको भनी मौकामा गरेको साबिती बयानलाई मिसिल संलग्न लासजाँच मुचुल्काबाट समेत समर्थित भएको देखिँदा उक्त घाउचोटहरू यी प्रतिवादीले

अदालतमा बयान गरेजस्तो बाथरूमको डिलमा लडेर मात्र हुन गएको भन्ने भनाइ विश्वसनीय नदेखिने ।

अतः जाहेरी बेहोरा, प्रतिवादीको मौकाको साबिती बयान, जाहेरवालाले अदालतमा गरेको बकपत्र, लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, घटना विवरण कागज तथा घटना विवरण कागज गर्ने मानिसहरूले अदालतमा गरेको बकपत्रसमेतका मिसिल संलग्न प्रमाण र तथ्यका आधारमा यी प्रतिवादी मन्दिरा गुरूङले आफ्नै पति तेजबहादुर गुरूङलाई कुटो प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि भएको देखिँदा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं. को तत्कालीन कानूनी व्यवस्थाबमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसलालाई अन्यथा भन्न नसकिने ।

अब आरोपित कसुरका कसुरदार ठहर भएका प्रतिवादी मन्दिरा गुरूङलाई भएको सजायका सम्बन्धमा साधकको रोहमा विचार गर्दा, यी प्रतिवादीले आफ्नै पति तेजबहादुर गुरूङलाई योजनाबद्ध रूपमा कुटोसमेत सिरानमुनि राखी राति १०:०० बजेको समयमा बाथरूम गएको अवस्थामा पछाडिबाट कुटो प्रहार गरी मारेको देखिएकाले उच्च अदालत तुल्सीपुर, नेपालगन्ज इजलासबाट प्रतिवादी मन्दिरा गुरूङलाई सर्वस्वसहित जन्मकैद गर्ने फैसला मिलेकै देखिँदा साधकको रोहमा निज प्रतिवादी मन्दिरा गुरूङलाई ठहर भएको सजायमा विचार गर्न सक्ने अवस्थाको विद्यमानता नहुँदा साधक सदर हुने ।

प्रस्तुत मुद्दामा प्रतिवादी मन्दिरा गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू बाँके जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मिति २०७५।५।१ देखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा **"कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन"** भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ख) मा "**कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ**" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्ने प्रावधान रहेको नहुँदा प्रस्तुत मुद्दामा प्रतिवादी मन्दिरा गुरूङलाई सर्वस्वको सजाय हुने देखिएन । निज प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने ।

इजलास अधिकृतः केदारप्रसाद गौतम

इति संवत् २०७६ साल चैत्र ३ गते रोज २ शुभम् ।

इजलास नं.९

३१

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री बमकुमार श्रेष्ठ, *०७७-WH-०४०५, बन्दीप्रत्यक्षीकरण, पारस थापा वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत*

प्रस्तुत रिट निवेदनमा मात्र निजले उमेरको सुविधाको माग गर्नुभएको तथा यी रिट निवेदकलाई काठमाडौं जिल्ला अदालतले मिति २०७६।११।१८ मा कैद म्याद ठेकी पठाएको र उक्त कैदीपुर्जीअनुसार निज मिति २०७८।०४।२२ मा थुनाबाट मुक्त भई जाने नै अवस्था रहेकोबाट उमेर पुगेको व्यक्तिसरह सामान्य इजलासबाट मुद्दाको पुर्पक्ष गरी पटके कायम गरी कैद भुक्तानको लागि कारागारमा राख्ने गरी भएको काठमाडौं जिल्ला अदालतको आधार र कारणसहितको फैसला र सोलाई सदर गर्ने उच्च अदालत पाटनको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने । अतः रिट निवेदक पारस थापा क्षेत्री कानूनले तोकेको विधि र प्रक्रिया पूरा गरी प्रमाणको आधार र कारणबाट कानूनबमोजिम फैसला कार्यान्वयनको लागि कैद भुक्तानको लागि कारागार कार्यालय, नख्खुमा रहेको हुँदा निजको थुनालाई गैरकानूनी थुना भन्न मिल्ने नदेखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन, रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मतिना शाक्य

इति संवत् २०७८ साल साउन १३ गते रोज ४ शुभम्।

३२

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७२-RB-०३६६, *वित्तीय संस्था खारेज गरिपाऊँ, क्रिष्टल फाइनान्स लिमिटेड वि. नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय*

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४९(१) बमोजिम इजाजत प्राप्त संस्थाको काम कारबाही नियमन तथा व्यवस्थित गर्ने पूर्ण अधिकार राष्ट्र बैंकमा निहित हुने स्पष्ट व्यवस्था रहेको देखिन्छ भने नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९(१) बमोजिम नेपाल राष्ट्र बैंकलाई वाणिज्य बैंक तथा वित्तीय संस्थाको काम कारबाही नियमन गर्ने पूर्ण अधिकार रहेको पाइने ।

बैंक तथा वित्तीय संस्थाको नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था नियमनकारी विशेष ऐन बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ एवं नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गत दायर गरेको प्रस्तुत निवेदनमा सम्बद्ध ऐन कानूनकै उपेक्षा गरी दामासाहीमा परेका अन्य सङ्घ संस्था कम्पनीसमेतको हकमा आकर्षित हुने दामासाही ऐनबमोजिम निवेदन नपरेको भन्ने आधारमा मात्र पुनरावेदन जिकिरबमोजिम निवेदन दाबी खारेज गर्न मिल्नेसमेत नदेखिने ।

पुनरावेदक संस्थाले संस्थाको सम्पत्ति दायित्वभन्दा बढिरहेकोले संस्था खारेज हुनु हुँदैन भनी जिकिर लिएको देखिन्छ । सो संस्थाले निवेदक बैंकसमक्ष पेस गरेको स्पष्टीकरण हेर्दा सर्वसाधारण निक्षेपकर्तालाई रू.१ करोड ३२ लाख र संस्थागत निक्षेपकर्तालाई रू.३९ करोड ७३ लाख र अन्तर बैंक सापटी रू.६ करोड ८६

लाख गरी रू.४७ करोड ९१ लाख भुक्तानी दिन बाँकी रहेको संस्थाको दायित्व उल्लेख गरेको देखिन्छ। संस्थाको सम्पत्ति २० करोड ९४ लाख रहेको भन्ने देखिन्छ भने संस्थाले असुल हुन बाँकी कर्जा रू.६१ करोड ७६ लाख रहेको भन्ने विवरण उल्लेख गरी दायित्व वहन गर्न संस्थासक्षम रहेको भनी जिकिर गरेको देखिन्छ। तर निवेदक बैंकको निरीक्षण प्रतिवेदनका आधारमा ९८.८८ प्रतिशत निष्क्रिय कर्जा देखिन आएकोले सो कर्जा असुल हुने सुनिश्चितता नदेखिँदा पुनरावेदक कम्पनीको दायित्वभन्दा सम्पत्ति बढी भएको भन्ने पुनरावेदन जिकिर विश्वासयोग्य देखिएन । यसबाट संस्था Going Concern मा रहेको भनी मान्न नमिल्ने।

सो संस्थाको २०६७ साल चैत्र मसान्तसम्मको वित्तीय विवरणको आधारमा निवेदक नेपाल राष्ट्र बैंकद्वारा स्थलगत निरीक्षण गरी विभिन्न निर्देशनहरू जारी गरेको भन्ने निवेदन बेहोराबाट देखिन्छ । सो निरीक्षण प्रतिवेदनबाट संस्थाका सञ्चालक तथा सञ्चालक आवद्ध कम्पनीलाई कर्जा प्रवाह गरेको, संस्थापकको एकाघर परिवारका सदस्यले विभिन्न कर्जा उपभोग गरेको, संस्थापकका परिवारका सदस्य सम्बद्ध कम्पनीलाई जमानत जारी गरेको, धितो जमानत नलिई कर्जा दिएको, ऋण चुक्ता नहुँदै धितो फुकुवा गरेको भन्नेसमेतका Prudential Banking Norms विपरीत कार्य गरेको भन्ने देखिन्छ । उक्त संस्थालाई राष्ट्र बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ ख बमोजिम समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सुधारका लागि विभिन्न निर्देशनहरूसमेत दिएको भन्ने देखिन्छ । निवेदक बैंकले मिति २०६८।९।२६ मा संस्थाको विशेष निरीक्षण गरेको अवस्था देखिन्छ । सो विशेष निरीक्षण प्रतिवेदन हेर्दा संस्थाले Marvelous Remit Pvt. Ltd लाई बिना धितो बिना ब्याज रकम प्रदान गरेको, अन्य बैंक वित्तीय संस्थामा रहेको निक्षेप विवरण पेस गर्दा Unrealized Cheque समेत समावेश गरेको आधारमा लेखाङ्कन गरेको, अन्य बैंक तथा वित्तीय संस्थासँग लिएको सापटी भुक्तानी गर्न असमर्थ रहेको भन्ने देखिएको, संस्थाको आफ्नै भवन भाडा दिँदासमेत लेखाङ्कन पारदर्शी रहेको नदेखिएको, संस्थाको वित्तीय विवरण Trail Balance अनुसार निरीक्षण गरिएको मिति २०६८।९।२५ का दिनको नगद मौज्दात रू.३९,५६,२११।३३ नपुग रहेको पाइएको, चुक्ता पुँजी कायम नगरेको भन्नेसमेत उल्लेख गरिएको देखिन्छ। निवेदक बैंकले प्रस्तुत क्रिष्टल फाइनान्स कम्पनी लिमिटेडको २०६७ चैत्र मसान्तसम्मको निरीक्षण प्रतिवेदन, २०६९ फागुन मसान्तसम्मको DDA प्रतिवेदन र २०७१ आषाढ मसान्तसम्मको प्रमुख वित्तीय सूचाङ्कको तुलनात्मक अवस्था हेर्दा पनि सञ्चित नाफा पुँजीकोष ऋणात्मक अवस्थामा रहेको देखिएको, कर्जा प्रवाह न्यून देखिएको, खराब कर्जाको प्रतिशत वृद्धि भएको देखिएको, निष्क्रिय कर्जा ९८.८८ प्रतिशत रहेको भन्ने देखिने।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ तथा नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशिकासमेतको बर्खिलाप

Prudential Banking Norms को पालना नगरी संस्था सञ्चालन भइरहेको र संस्था निरन्तर सञ्चालन हुन सक्ने (Going Concern) को अवस्थामा नरहेको भन्नेसमेतको आधार कारण खुलाई निवेदक नेपाल राष्ट्र बैंकले प्रस्तुत निवेदन गरेकोमा पुनरावेदक फाइनान्स लिमिटेडले सोलाई अन्यथा हो भनी पुष्टि गर्न सकेको नदेखिएको र विपक्षी फाइनान्स लि. ले निवेदक बैंकसमक्ष पेस गरेको स्पष्टीकरण बेहोराबाट पनि संस्थाको सम्पत्तिभन्दा दायित्व धेरै रहेको देखिन आएको हुँदा पुनरावेदक क्रिष्टल फाइनान्स लिमिटेड पुनः सञ्चालनमा आउन सक्ने अवस्था विद्यमान नदेखिँदा पुनरावेदन अदालत पाटन, वाणिज्य इजलासले क्रिष्टल फाइनान्स लिमिटेडलाई खारेज गर्नुपर्ने देखिएकोले सोको प्रक्रिया अगाडि बढाई भुक्तानी दिनेसमेतको कार्य गर्न लिक्वीडेटर नियुक्ति प्रक्रिया अगाडि बढाउनु भनी गरेको आदेश मिलेकै देखिँदा उक्त आदेश बदर गरी नेपाल राष्ट्र बैंकले दिएको निवेदन खारेज गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

क्रिष्टल फाइनान्स कम्पनी लिमिटेडले नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ तथा नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशनसमेत बमोजिम Prudential Banking Norms अन्तर्गत रही कार्य गरेको अवस्था नदेखिएको, नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६(ख) बमोजिम समस्याग्रस्त घोषणा गरी सुधारात्मक कार्य गर्न दिइएको निर्देशनबमोजिम सुधार कार्य गर्न असमर्थ रहेको, खराब कर्जाको आकार ९८.८८ प्रतिशत रही निक्षेपकर्तालाई भुक्तानी गर्न नसकेको र निवेदक बैंकको निर्देशनबमोजिम चुक्ता पुँजी कायम गर्न नसकेको र वित्तीय सम्पत्तिले वित्तीय दायित्व धान्न सक्ने अवस्था नरहेकोले संस्था Going Concern Assumption मा रहेको नदेखिई संस्था पुनः सञ्चालनमा आउन सक्ने अवस्था विद्यमान नदेखिँदा नेपाल राष्ट्र बैंक सञ्चालक समितिको बैठकको निर्णय एवं निवेदन मागदाबीबमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६(छ) र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७४(१)(ज) बमोजिम पुनरावेदक क्रिष्टल फाइनान्स कम्पनी लिमिटेड खारेज हुनुपर्ने नै देखिन आएकोले निक्षेपकर्ताको हितका लागि निवेदन मागबमोजिम लिक्वीडेटरले अन्यथा आदेश नदिएसम्मका लागि निवेदक बैंकले रोक्का राखेका खाताहरू यथावत् रोक्का राखी खारेजीको प्रक्रियामा लैजानको लागि बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ७७ द्वारा निर्दिष्ट गरिएबमोजिमको प्राथमिकताको आधारमा भुक्तानी दिनेसमेतको काम कारबाही सम्पन्न गर्न लिक्वीडेटरको कार्यादेशसमेत तोकी लिक्वीडेटर नियुक्ति गर्ने प्रक्रिया अगाडि बढाउनु भनी पुनरावेदन अदालत पाटन, वाणिज्य इजलासले मिति २०७२।७।२०।६ मा गरेको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : अरूणकुमार कोइराला

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७४ साल चैत्र २५ गते रोज १ शुभम्।

इजलास नं.१०

३३

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या. श्री पुरूषोत्तम भण्डारी, *०६८-WO-०६२६, उत्प्रेषण, परमादेश, राममणी आचार्य वि. आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंसमेत*

निवेदक कम्पनीले आन्तरिक राजस्व विभाग, अनुसन्धान तथा विकास शाखाबाट छानबिन हुनु ६/७ महिनाअघि नै २०६७ सालको मङ्सिरमा रू.१५,१८,०९१।- र सोही सालको पौषमा रू.७५,८२,८३६।- गरी जम्मा रू.९१,००,९२७।- मूल्य अभिवृद्धि कर विवरणको अन्य थपघटको डेबिट महलतर्फ समायोजन गरी आफ्नो त्रुटि सच्याइएको देखिन्छ । यसरी आफ्नो विगतका विवरणमा कुनै कैफियत देखिएमा त्यसलाई सुधार गर्ने उद्देश्यले नै विधायिकाले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची १० को कोष्ट ३.१ मा अन्य थपघट शीर्षकको व्यवस्था गरी आफैँले हिसाब मिलान गर्न सक्ने भनी सुविधा दिएकोमा उक्त सुविधालाई अन्यथा अर्थ गर्न मिल्ने देखिँदैन । यसरी नियममा रहेको प्रावधानअनुरूप यी निवेदक कम्पनीले आफूले गरेको हिसाब मिलान र तिरेको कर रकमलाई नै जरिया बनाई कर निर्धारण आदेश जारी गर्नुभन्दा ६/७ महिनाअगाडि नै तिरिसकेको कर रकममा शतप्रतिशत जरिवाना गर्नु कानूनसम्मत देखिँदैन । कर निर्धारण गर्दाको मितिमा कुनै कैफियत देखिन्छ भने सो हदसम्म मात्र कर निर्धारण गरी कर माग गर्न मनासिब देखिन्छ। निवेदक कम्पनीले तिरिसकेको कर रकममा शतप्रतिशत जरिवाना लगाउनु कानूनसम्मत भएको कार्य भन्न नमिल्ने।

निवेदक रसुवा कन्सट्रक्सन कम्पनी प्रा.लि. ले शुभम् श्री पशुपति ट्रेडर्स आ.व. २०६६/०६७ मा खरिद गरेको सामानको बिलहरू अन्यथा रहेछन् भनी आफ्नै आन्तरिक जाँचबुझबाट तथ्य पत्ता लागी त्यस विषयमा आफ्नै कन्सट्रक्सन कम्पनीबाट गल्ती भएको महसुस गरी सो बिलबापतको रकमको कर निवेदक कन्सट्रक्सन कम्पनीले २०६७ सालको मङ्सिर र पौष महिनाको विवरणमा दाखेल गरिसकेको छ । यो रकम, प्रत्यर्थी आन्तरिक राजस्वको कार्यालयले निवेदक कम्पनीले नक्कली बिल बिजकमार्फत कर छली गरेको छ भन्ने कुनै उजुर परेको वा आफैँले कर निर्धारण गर्ने सम्बन्धमा कागजपत्रहरू हेर्दा र छानबिन गरेर पत्ता लगाएको विषयवस्तु होइन। निवेदक कम्पनीले उक्त कार्यलाई स्वीकारेर सोबापतको रकम दाखेल गरिसकेपछि मात्र त्यस विषयमा आन्तरिक राजस्वको कार्यालयले थाहा जानकारी भएको छ । सो अगावै उक्त नक्कली बिल बिजकको सम्बन्धमा आन्तरिक राजस्वको कार्यालयले थाहा जानकारी पाएको अवस्था देखिँदैन । कम्पनीले निर्माण सामाग्रीहरू खरिद गर्दा बनेका बिल बिजकमध्ये केही बिल बिजकहरू नक्कली भएको कुरा निवेदक कम्पनी स्वयंलाई थाहा जानकारी भई त्यसैको आधारमा सोबापतको रकम दाखेल गरिसकेपछि निवेदक कम्पनीले नक्कली बिल बिजक बनाएर कर छली गरेको विषय स्वीकारेको भनी सोलाई नै कसुर कायम गर्न

मिल्दैन । निवेदक कम्पनीले तिरिसकेको रकममा नक्कली बिल बिजकको जरियाबाट कर छलीको कसुर कायम गरी कर निर्धारण भएको रकम बराबर नै जरिवाना गरी सोको ब्याजसमेत असुल गर्ने गरी भएको निर्णयको कार्य न्यायोचित भन्न सकिने अवस्था नदेखिने ।

रू.७,५५,९५१।- कर निर्धारण गरेकोमा सोलाई निवेदक कम्पनीले स्वीकारेको हुँदा सोको विलम्ब शुल्क र ब्याजको सम्बन्धमा कानूनको अधिनमा रही सो हदसम्म आन्तरिक राजस्व विभागको निर्णय मिलेकै देखिँदा त्यसतर्फ निवेदकको जिकिर पुग्दैन । निवेदकउपर कर निर्धारण गर्नुअगावै निवेदकले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची १० ले निर्देश गरेबमोजिम विवरणमा अन्य थपघट समायोजन गरी २०६७ साल मङ्सिर तथा पौष महिनाको मूल्य अभिवृद्धि कर विवरणको उक्त थपघट महलको डेभिटतर्फ उल्लेख गरी कारोबारमा साबिकमा तिरेको कर रू.९१,००,९२७।- डेबिट समायोजन गरी राजस्व दाखिला गरिसकेको हुँदा सोमा शतप्रतिशत जरिवाना रू.९१,६६,८१०।-, थप दस्तुर रू.४,४८,४३१।-, ब्याज रू.६,७२,६५३।- समेत लाग्ने लगाउने गरी आन्तरिक राजस्व विभागबाट मिति २०६८।९।२४ मा भएको निर्णय पर्चा र मिति २०६८।३।२७ को अन्तिम कर निर्धारण आदेशमध्ये असार अवधिमा भनी उल्लेख भएको कर कानूनसम्मत नदेखिँदा सो हदसम्मको आदेश उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृत : अनु याकामी

इति संवत् २०७७ साल चैत्र १७ गते रोज ३ शुभम् ।

३४

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७५-WO-००४५, उत्प्रेषण परमादेश, अनिता भुजु वि. निजामती किताबखाना, पुल्चोक, ललितपुरसमेत*

निवेदिकाको नेपाली नागरिकताको प्रमाणपत्रबाट निजको जन्ममिति २०१९ देखिए पनि निजले निवेदनसाथ पेस गरेको एस.एल.सी. तथा त्रिभुवन विश्वविद्यालयको शैक्षिक योग्यताको प्रमाणपत्रमा निजको जन्ममिति २०१८।८।१३ उल्लेख भएको पाइएकाले निजामती सेवा नियमावली, २०४९ तथा निजामती सेवा ऐन, २०५० अनुसार निवेदिकाको जन्ममिति २०१८।८।१३ कायम भई सो मितिले गणना गर्दा २०७६।८।१३ मा ५८ वर्ष पूरा हुने देखिई सोही मिति २०७६।८।१३ बाट लागु हुनेगरी अनिवार्य अवकाश दिनुपर्नेमा निवेदिकाले भरेको वैयक्तिक विवरणमा उमेर खुल्ने कुनै प्रमाणपत्र संलग्न रहे भएको नदेखिएकोले केवल जन्ममिति २०१७/८/१३ उल्लेख गरेको आधारमा निवेदिकाको जन्ममिति २०१७।८।१३ लाई कायम गरी मिति २०७५।८।१३ बाट अनिवार्य अवकाश दिनेगरी भएको निजामती किताबखानाको निर्णय तथा सोही किताबखानाको च.नं.४२४२ मिति २०७५।१।४ को पत्र मनासिब नदेखिने ।

निजले मिति २०३६।४।४ मा नागरकिता लिएकी छिन् । निजको एस.एल.सी. देखिको शैक्षिक योग्यताको प्रमाणपत्रमा मिति २०१८।८।१३ जन्ममिति रहेको छ । निवेदिकाको यी उपर्युक्त जन्ममिति खुलेका कागजातहरू हेर्दा नागरिकता

मिति २०३६।४।४ मा लिएकी छिन् । सिटरोल नोकरी खाएपछि भरेकी हुन् । त्यो पनि सालमात्र एक सालको फरक रहेको र महिना र गते एउटै हुँदा सालमात्र लेख्दा ८ को सट्टामा ७ हुन गएको देखिन्छ । शैक्षिक योग्यताका प्रमाणपत्रहरू निजले नागरिकता लिँदा र नोकरी खाँदा र सिटरोल भर्नुभन्दा अगाडिका हुन् । यो आधारमा शैक्षिक योग्यतामा उल्लेख भएको जन्ममिति सुरू अगाडिकै भएका र त्यसमा कुनै थपघट फेर बदल नभएको र सो नागरिकता लिनु र नोकरीमा प्रवेश गर्नुभन्दा अगाडिको रहेका र सोमा उल्लिखित जन्ममिति नै यथार्थमा सत्य र साँचो रहेको भन्ने पुष्टि हुँदा निवेदिकाको हकमा नोकरीमा निजको उमेर र अवकाशको मिति गणना गर्दा निजको सोही शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिलाई नै आधार मान्नुपर्ने।

निवेदिकाले सेवा प्रवेश गरेको मिति २०४३।६।२ भन्दा अगाडि वि.सं.२०३५ सालमा दिएको प्रवेशिका परीक्षाको प्रमाणपत्रमा निजको उमेर २०१८।८।१३ उल्लेख भएको देखिन्छ भने त्यसपछि निजले वि.सं.२०३६ सालमा प्रविणता प्रमाणपत्र तहमा भर्ना हुँदासमेत सोही जन्ममिति लेखी वि.सं.२०३९ सालमा प्रवीणता प्रमाणपत्र तह पूरा गरेको देखिन्छ । निजले मिति २०४३।६।२३ मा प्रमाणित गराई पेस गरेको आफ्नो वैयक्तिक विवरण फाराम (सिटरोल) मा लेखाएको शैक्षिक योग्यताबमोजिमको जन्ममिति २०१८ साल उल्लेख गर्नुपर्नेमा भुलले २०१८ सालको सट्टा २०१७।८।१३ उल्लेख हुन गएको बेहोरा पनि मिलेको देखिन आउँदैन । जहाँसम्म निजले वि.सं.२०३६।४।४ मा लिएको नेपाली नागरिकताको प्रमाणपत्रमा निजको उमेर १७ वर्ष भनी उल्लेख भएको देखिन्छ । सोअनुसार निजको जन्ममिति २०१९।४।४ हुन जाने देखिए पनि नागरिकता लिनुअघि नै शैक्षिक प्रमाणपत्रमा उल्लिखित जन्ममिति २०१८।८।१३ उल्लेख भइसकेको परिप्रेक्ष्यमा २०१९।४।४ लाई जन्ममिति कायम गर्न मनासिब देखिँदैन । सुरूमा शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिलाई नै सही, सत्य र वास्तविक जन्ममिति मान्नुपर्ने देखिन आयो । निवेदिकाको जन्ममितिबाट अनिवार्य अवकाश हुने मिति कायम गर्ने क्रममा प्रचलित कानूनी व्यवस्थाबमोजिम विभिन्न कागजातमा उल्लिखित विभिन्न जन्ममितिमध्ये जुन जन्ममितिबाट छिटो अवकाश हुन्छ सोही जन्ममितिलाई मान्नुपर्ने ऐन र नियमावलीको व्यवस्थाले निर्देशित गरेबमोजिम प्रस्तुत विवादमा निवेदिकाले नागरिकतामा उल्लेख भएको जन्ममितिअनुसार अवकाश मिति कायम गरिपाउँ भन्ने जिकिर औचित्यपूर्ण देखिँदैन । प्रवेशिकादेखिको शैक्षिक योग्यताका सबै प्रमाणपत्रहरूमा उल्लिखित जन्ममितिविपरीत त्यसपछि नोकरीमा प्रवेश गरी आफैँले भरेको सिटरोलमा महिना र गते एउटै भई २०१८ सालको सट्टा २०१७ साल हुन गएकोमा सोही जन्ममितिलाई मानी अवकाश मिति कायम गर्न पनि मनासिब देखिँदैन । यस दृष्टिकोणबाट सेवा प्रवेश गर्नु वा नागरिकता लिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिअनुसार नै अवकाश मिति कायम गर्नु बढी औचित्यपूर्ण, मनासिब र न्यायपूर्ण देखिँदा

निवेदिकाले र साथै निजामती किताबखानाले भने जस्तो जन्ममिति र अवकाश मिति कायम हुने नभई निजको शैक्षिक योग्यताका प्रमाणपत्रमा उल्लिखित वास्तविक जन्ममितिलाई अवकाशको बढी आधार मानिदा न्यायोचित हुने देखिँदा न्यायको रोहमा सोही शैक्षिक योग्यतामा लेखिएको जन्ममितिलाई नै वास्तविक जन्ममिति मान्नुपर्ने देखिन आउने।

निवेदिकाले नागरिकतामा उल्लिखित तथ्यको आधारमा २०१९।४।४ लाई जन्ममिति कायम गरिपाउँ भनी लिएको निवेदन जिकिर ऐन र नियमावलीको प्रावधानसँग पूर्णतः मेल खाने नदेखिएकोले सो हदसम्म निवेदिकाको निवेदन जिकिर पुग्न सक्दैन । सो हदसम्मको निवेदन जिकिर खारेज हुने।

निजामती कर्मचारीको जन्ममितिमा विवाद उत्पन्न भएको अवस्थामा अनिवार्य अवकाश दिने प्रयोजनको लागि भएको निजामती सेवा ऐन, २०४९ को दफा ३३ तथा निजामती सेवा नियमावली, २०५० को नियम १०२क. को कानूनी व्यवस्थाअनुसार यी निवेदिका अनिता भुजुको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति २०१८।८।१३ नै वास्तविक जन्ममिति कायम हुने देखिएकोले सोही मितिबाट ५८ वर्ष उमेर गणना गरी अनिवार्य अवकाश दिनुपर्नेमा वैयक्तिक विवरण (सिटरोल) मा उल्लिखित जन्ममितिलाई आधार मानी मिति २०७५।८।१३ बाट लागु हुने गरी अनिवार्य अवकाश दिनु भनी निजामती किताबखानाको च.नं.४२४२ मिति २०७५।२।४ को अवकाश जानकारीपत्र निवेदिकाको हकमा न्यायोचित भएको नदेखिँदा उक्त पत्रलगायत सो पत्रबाट सिर्जित सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर हुने।

जहाँसम्म निवेदिकाको आफ्नो उमेर २०१९।४।४ कायम गरी सो मितिले ५८ वर्ष नपुग्दासम्म सेवामा बहाल रहन पाउँ भन्ने माग रहेको छ, सो सम्बन्धमा माथि उल्लेख गरिएको ऐन र नियमावलीको प्रावधानअनुसार नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित उमेरभन्दा शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित उमेर अघिल्लो देखिएको र नागरिकताको प्रमाणपत्र लिनुअघि शैक्षिक योग्यताको प्रमाणपत्रहरूमा जन्ममिति उल्लेख गरिएको हुँदा सोही अघिल्लो मितिलाई नै निजको जन्ममिति मान्नुपर्ने भई उक्त शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति २०१८।८।१३ को आधारमा निज निवेदिकाको अवकाश मिति कायम गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७७ साल चैत १० गते रोज ३ शुभम्।

इजलास नं.११

३५

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७३-CR-०६७६, भ्रष्टाचार (घुस/रिसवत), पदमराज जोशी वि. नेपाल सरकार*

भ्रष्टाचार जस्तो गम्भीर कसुर स्थापित हुनको लागि रकम बरामद भएको भनी भन्नु नै पूर्ण एवम् पर्याप्त प्रमाण हुन सक्दैन । प्रतिवादीले सो रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले घुसबापतको रकम लिएको तथ्य वस्तुनिष्ठ, विश्वसनीय, प्रचुर एवम् पर्याप्त प्रमाणद्वारा परिपुष्टि भएको हुनुपर्ने ।

प्रस्तुत मुद्दामा प्रतिवादीले महेश पोखरेललले केस मिलाई दिनुपर्‍यो भनेर रू.१,००,०००।- दिन खोजकोमा मैले लिन नमान्दा जबरजस्ती मेरो खल्तीमा हाल्न खोजेकाले मैले तेरो पैसा चाहिँदैन भनी फ्याँकेको भनी अदालतमा इन्कारी बयान गरेको देखिन्छ । मौकाको बरामदी मुचुल्कामा प्रतिवादी पदमराज जोशीले मुचुल्का तथा नोटहरूको फोटोकपीसमेतमा दस्तखत सहीछाप गर्न नमानेको भन्नेसमेत बेहोरा उल्लेख भएको, बरामदी मुचुल्काका साक्षी शिवजी भट्टराईसमेतका साक्षीहरूले गरेको बकपत्र र सि.डी. समेतका प्रमाणबाट निवेदकबाट प्रतिवादीले घुस / रिसवत स्वेच्छाले लिएको नदेखिँदा निज प्रतिवादीलाई आरोपित कसुर गरेको ठहर गर्न मिल्ने नदेखिने ।

राज्यको निकायले कसैलाई फसाउने उद्देश्यबाट अभिप्रेरित भई रकम दिई पठाई प्रतिवादीलाई जबरजस्ती जेवमा हाल्न खोज्दा प्रतिवादीले रकम लिन इन्कार गरेको अवस्थामा घुस लिएको भनी बलजफ्ती प्रमाणित गराउन खोज्नु कानूनी राज्यको अवधारणाभित्र पर्न नआउने । कानूनबमोजिम बाहेक कुनै कसैलाई फसाई बलजफ्ती कसुरदार साबित गराउन खोज्नु सरकारी निकायको कर्तव्यभित्र पर्न नआउने ।

यी प्रतिवादी पदमराज जोशीले निवेदकसँग आफ्नो स्वेच्छाले घुसबापतको रकम माग गरेको र स्वेच्छाले नै घुसको रकम लिई राखेको, आरोपित कसुर गरेको हो भनी शंकारहित तवरबाट वस्तुनिष्ठ एवम् यो यस रीत बेहोराबाट घुस माग गरेको थिएँ भनी विश्वसनीय प्रमाण वादी पक्षबाट प्रमाणित गराउन सकेको देखिँदैन । यस्तो अवस्थामा अन्दाज, आंशका र अनुमानको आधारमा निज प्रतिवादी पदमराज जोशीले आरोपित कसुर गरेको ठहर गर्न मिल्दैन । फौजदारी न्यायको सर्वमान्य सिद्धान्तअनुसार शंकाको सुविधा अभियुक्तले पाउने हुँदा यी प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि हुन नआएकोले यी प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम रू.१,००,०००।- (एक लाख) जरिवाना हुने र ऐ.ऐनको दफा ३(१)(ग) बमोजिम ४(चार) महिना कैदसमेत हुने ठहर गरी विशेष अदालत काठमाडौंबाट मिति २०७२।९।२२ मा भएको फैसला मिलेको नदेखिने ।

प्रतिवादी पदमराज जोशीले आरोप दाबीअनुरूप निवेदकसँग घुस / रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको ठोस र वस्तुनिष्ठ प्रमाणबाट स्थापित हुन आएको नदेखिँदा यी प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम रू.१,००,०००।- (एक लाख) जरिवाना हुने र ऐ.ऐनको दफा ३(१)(ग) बमोजिम ४(चार) महिना कैदसमेत हुने ठहर गरी विशेष अदालत काठमाडौंबाट मिति २०७२।९।२२ मा भएको फैसला उल्टी भई पुनरावेदक प्रतिवादी पदमराज जोशीले आरोप दाबीबाट सफाइ पाउने ।

निजले सफाइ पाउने ठहर भएबाट निजले आफ्नो पदमा पुनर्बहाली हुन पाउने र निजले आफ्नो पदअनुसारको तलब भत्ता पाउने देखिन्छ तापनि निजले उमेरको हदको कारणबाट हाल बहाल रहने अवस्था नदेखिँदा पुनः बहाल गराई रहनुपरेन । कानूनबमोजिमको पाउने तलब सुविधासमेत पाउने ।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ साल फागुन ४ गते रोज ३ शुभम् ।

३६

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री सुष्मालता माथेमा, *०७६-CR-०५८०, ०७६-CR-०६२९, कर्तव्य ज्यान (जिउँदो बच्चा जन्माई फालेको), नेपाल सरकार वि. कृष्ण योङहाङ्ग (लिम्बू), देवान याख्ख्या (राई) वि. नेपाल सरकार*

प्रतिवादी कृष्ण योङहाङ लिम्बू र मिनादेवी देवान याख्खा (राई) को अवैध शारीरिक सम्पर्कबाट जन्मिएको नवजात छोरी प्रतिवादी मिनादेवी देवानले बोरामा हाली फालेको अवस्थामा उपचारको क्रममा मृत्यु भएको भन्ने तथ्य स्थापित भएको देखिन्छ । तर नेपाल सरकारको पुनरावेदन जिकिरमा बुझिएका मानिस कोपीला गोदारसमेतले प्रतिवादी कृष्ण योङहाङ लिम्बूसमेतको मिलेमतोमा जिउँदो बच्चा फालेको हो भनी किटानीसाथ लेखाई दिएको भए तापनि कृष्ण लिम्बूले मिना देवान याख्खा लिम्बूसँग प्रेम सम्बन्ध राखी यौन सम्बन्ध राखेको र विवाह नगरी बाहिरै राखेको तथा गर्भवती भइसकेपछि विवाह नगरेको र बच्चा जन्मेपछि तुरून्त मीना देवान याख्खालाई भेट्न, हेर्न र सहयोग गर्न नआई भोलिपल्ट आउँछु आफ्नो शरीरको ख्याल राख्नु भनेकोसम्म देखिन्छ । बालक जन्मेपछि मार्ने फाल्ने काममा प्रत्यक्ष संलग्न भएको देखिँदैन । घटना हुँदा निज आमचोकमा रहेको भन्ने तथ्य प्रतिवादीहरू दुईको फोन सम्पर्कबाट पुष्टि हुन्छ । प्रतिवादी कृष्ण योङहाङ लिम्बूको बच्चा फाल्ने कार्यमा मत सल्लाह तथा संलग्न भएको देखिँदैन भने निज सो स्थानमा भएकोसमेत देखिँदैन । प्रतिवादी कृष्ण योङहाङ लिम्बू वारदातस्थलमा उपस्थित भने नदेखिएको, जातकलाई फाल्ने वा मार्ने विषयमा कुनै पनि प्रकारको मत सल्लाहमा पसेको नदेखिएको र निजले कुनै प्रकारको वचनसमेत दिएको देखिँदैन । निजले जिउँदो जन्मिएको बच्चालाई फाल्ने कार्यमा कुनै वचनसमेत दिएको नदेखिनुका साथै निजले यो यस प्रकारको कार्य गरी वारदातमा संलग्न रहेको भनी प्रस्ट दाबीसमेत नभएको र अनैतिक सम्बन्ध राख्नु एउटा कार्य भए तापनि सो अनैतिक सम्बन्धबाट जन्मिएको बच्चा फाल्ने कार्यमा निजको प्रत्यक्ष संलग्नता रहेको कुरा कहीँकतैबाट पुष्टि प्रमाणित हुन आएको देखिँदैन । निजको कसुर नै स्थापित हुने गरी प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार प्रमाणित भएको अवस्था देखिँदैन । अनुमान र शंकाको भरमा मात्र कसुरदार ठहर गर्नु न्यायसङ्गत नहुने । प्रतिवादी कृष्ण लिम्बूको हकमा अभियोग दाबीअनुसारको कसुरबाट सफाइ दिने गरी कसुर निर्धारण गरेको सुरू इलाम जिल्ला अदालतको मिति २०७५।५।२५ को फैसला उच्च अदालत विराटनगर, इलाम इजलासले मिति २०७६।३।१० मा सदर गरेको

फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादी मिनादेवी देवान याख्खा (राई) को पुनरावेदन जिकिरसम्बन्धमा विचार गर्दा नवजात शिशुलाई जन्मनुसाथ चाहिने उचित स्याहारसम्भार नगरेर प्रतिवादी आमाले बच्चा जन्मेको कोही कसैले थाहा पाउलान् कि भन्ने डरले आफूले धारण गरेको अवैध गर्भबाट जन्मिएको जिउँदो जातकलाई लोकलाजको कारणले गर्दा उक्त तथ्यलाई ढाकछोप गर्न अलैंची भट्टीको चुलोमा प्लाष्टिकले पोको पारी फालेको कार्य र परिणाम स्वरूप नवजात शिशुलाई स्याहार नपुगी उपचारको क्रममा नवजात शिशुको मृत्यु भएको कुरामा सन्देह रहन्न । भवितव्यमा बदनियत हुँदैन, सबै कुरा शुद्ध मनसायले गर्दागर्दै पनि सोच्दै नसोचिने अप्रत्याशित परिणाम उत्पन्न भई मानिसको मृत्यु हुन गएको अवस्थामा मात्र भवितव्य पर्न गएको हुन सक्ने हुन्छ । भवितव्यको सम्बन्ध अपराधसँग हुँदैन । कार्य निर्दोष हुन्छ । परिणाम अपराध हुने ।

यसमा यी प्रतिवादी मिनादेवी देवान याख्खा (राई) को कार्य नै अपराधपूर्ण छ । Homicide by omission पनि Homicide नै हो । मुख्य कुरा कर्ताले वारदात गर्दा शिशु मार्ने मनसाय राखेको थियो वा थिएन भन्ने कुरा नै हेर्नुपर्छ । कर्ताको मनसायको परीक्षण कर्ताको कार्यबाट हुन्छ र यसको आधार भनेको सामान्य सुझबुझ भएको मानिसले त्यस किसिमले नवजात शिशुलाई व्यवहार गर्दा नवजात शिशुको मृत्यु हुन्छ अथवा हुँदैन भन्ने नै हुन्छ । प्रतिवादीले परपुरूषसँग धारण गरेको अवैध गर्भबाट सन्तान जन्मिसकेपछि प्रतिवादीबाट नवजात शिशुलाई हुनुपर्ने स्याहारसुसारको अभाव, नवजात शिशुको शरीरमा परेको घाउचोट, जीवित शिशु जन्मेको भन्ने चिकित्सकको रायसमेतका प्रमाणबाट यी प्रतिवादीले जीवित शिशु जन्माई प्लाष्टिकले बेरी फाली हिँडेको कारणबाट नै नवजात शिशुको मृत्यु भएको देखिँदा प्रतिवादी मिनादेवी देवानकै कार्यबाट नवजात शिशुको मृत्यु भएको कुरा पुष्टि प्रमाणित भएको देखिँदा उच्च अदालत विराटनगर, इलाम इजलासले प्रतिवादी मिनादेवी देवान याख्खा (राई) विरूद्धको अभियोगदाबी पुग्ने ठहराई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद गरेको मिति २०७६।३।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

यस्तो वारदातमा कम सजायको राय लाग्ने कुरा एक मान्य प्रचलन नै भइसकेको देखिन्छ । उच्च अदालत विराटनगर, इलाम इजलासले कसुरको प्रकृति, अपराध गर्ने दुराशयको अभाव, निजको उपस्थितिले समाज भयभित र अपमानित हुने अवस्थालगायतका कारणबाट निजलाई तोकिएको सजाय गर्दा चर्को पर्न जाने भनी मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम प्रतिवादीलाई ५ वर्ष कैद हुन व्यक्त गरेको राय सोही प्रचलनको सशक्त अभिव्यक्ति देखिन्छ । उक्त विचारसँग यो इजलास पूर्ण सहमत छ र त्यसमा थप कुनै कुरा व्यक्त गर्नु अर्घेलो ठान्दछ । अतः प्रतिवादी मिनादेवी देवान याख्खा (राई) लाई ५ वर्ष कैद गर्ने गरी सुरू इलाम जिल्ला अदालतले मिति २०७५।६।१४ मा गरेको सजाय निर्धारणको फैसला सदर गर्ने गरी उच्च अदालत

विराटनगर, इलाम इजलासको मिति २०७६/३/१० को फैसला मिलेकै हुँदा सदर हुने।

इजलास अधिकृत : सोनी श्रेष्ठ

कम्प्युटर : शान्ति तामाङ

इति संवत् २०७७ साल माघ ४ गते रोज १ शुभम्।

इजलास नं.१२

३७

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७७-RC-००६६, कर्तव्य ज्यान, नेपाल सरकार वि. धनबहादुर अयडी*

प्रस्तुत मुद्दामा प्रतिवादीले आफ्नो छोरीले घरभित्र आफ्नो शरीरमा दिसा गरेकोमा रिस उठी छोरीलाई घरबाहिर गएर दिसा गर्न सकिनस् ? भनी फलामको पाइपले हान्दा अचानक टाउकोमा लाग्न गई मृतक नाबालक छोरीको मृत्यु भएको र प्रतिवादीले अदालतमा आई आफूले फलामको पाइपले हानेको र सोही चोटका कारण छोरीको मृत्यु भएको हो। मृत लास खाडल खनी गाडेको हुँ भनी कसुरमा साबित रही बयान गरेको र मिसिल संलग्न प्रमाणबाट प्रतिवादीको सो साबिती बयान समर्थित भई पुष्टि हुन आएको हुँदा वारदातको अवस्था र परिस्थितिसमेतलाई विचार गर्दा न्यायको रोहबाट हेर्दा निज प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा १७(क) बमोजिम १०(दश) वर्ष कैदको सजाय गर्ने रायसमेत व्यक्त गरी उच्च अदालत दिपायलबाट भएको फैसला मनासिब नै देखिने।

प्रतिवादी धनबहादुर अयडीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) बमोजिम जन्मकैदको सजाय हुने ठहर गरी सुरू बाजुरा जिल्ला अदालतबाट मिति २०७६।०१।१२ मा भएको फैसलालाई सदर हुने ठहऱ्याई निज प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा १७(क) बमोजिम १०(दश) वर्ष कैदको सजाय हुने रायसहित उच्च अदालत दिपायलबाट मिति २०७६।०९।०१ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर : हर्क माया राई

इति संवत् २०७८ साल असार ११ गते रोज ६ शुभम्।

३८

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७८-WH-०००३, बन्दीप्रत्यक्षीकरण, नारायण खड्का वि. उच्च अदालत विराटनगर, इलाम इजलास*

आत्महत्या दुरूत्साहन मुद्दाको कारबाहीको सिलसिलामा सुरू झापा जिल्ला अदालतबाट पुऱ्याउनुपर्ने प्रक्रिया पूरा गरी भएको थुनछेक आदेशबमोजिम मुद्दाको पुर्पक्षको लागि थुनामा राख्ने भनी भएको आदेश उच्च अदालत विराटनगर, इलाम इजलासबाट सदर भएको र सो आदेशका सम्बन्धमा प्रस्तुत निवेदन परेको हुँदा तल्लो अदालतमा विचाराधीन रहेको मुद्दामा हुने निर्णय प्रभावित हुने गरी रिट क्षेत्राधिकारबाट हेरी निर्णय गर्दा मनासिब नहुने।

निवेदक नारायण खड्कालाई आत्महत्या

दुरूत्साहन मुद्दाको कसुरमा झापा जिल्ला अदालतबाट कानूनको प्रक्रिया पुऱ्याई थुनछेक आदेश भएको र विचाराधीन मुद्दामा न्यायिक प्रक्रियाअनुसार मुद्दाको सुनुवाइ भई न्याय निरूपण हुने भएकोले पछि ठहरेबमोजिम हुने भन्दै पुर्पक्षको लागि थुनामा राख्ने गरी सुरू झापा जिल्ला अदालतबाट मिति २०७८।१।२० मा भएको आदेशलाई सदर गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७८।३।१० मा आदेश भएको र सो आदेशबमोजिम निवेदक पुर्पक्षका लागि थुनामा रहेको देखिँदा निवेदकको थुनालाई हाल गैरकानूनी थुना भनी भन्न मिल्ने नदेखिँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन । तसर्थ, प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७८ साल साउन २८ गते रोज ५ शुभम् ।

इजलास नं.१५

३९

मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७४-CR-०३९७, मानव बेचबिखन तथा ओसारपसार, अनुप भन्ने निसान गुरूङ वि. नेपाल सरकार

मिति २०७२।०९।०२ गते साँझ अं. ४:०० बजेतिर अनुप गुरूङ नाम बताउने एक जना पुरूष र ३ जना महिला आई अनुप गुरूङले आफ्नो वतन धरान नगरपालिका भानुचोक भनी महिलाहरूलाई फेमिली र बहिनी नाता सम्बन्ध देखाई होटलको १०५ र १०६ नं. का कोठा बुक गरी बसेका थिए । अर्को दिन खानासमेतको बिल भुक्तानी गरी होटलबाट निस्किई चारै जना गएका हुन् भनी होटलवाला ढुण्डीराज अधिकारीले कागज गरिदिएको पाइन्छ । यसरी एउटै रिक्सामा जाहेरवालीसँग बसी कृष्णनगर बोर्डरमा पुगेको समयमा के.आई.नेपाल र प्रहरी कर्मचारीले सोधपुछ गरेपछि प्रतिवादी त्यहाँबाट भागी गएको र पछि पक्राउमा परेको देखिन्छ । सो कुरालाई प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा स्वीकार गरेको देखिन्छ । प्रतिवादीले ललाई फकाई भारतमा लगी पीडितलाई बेचबिखन गर्ने मनसायले नै भारत लैजान लागेको भन्ने कुरा मिसिल संलग्न तथ्यगत प्रमाणबाट समर्थित भइरहेको अवस्थामा प्रतिवादीले तथ्ययुक्त एवं वस्तुनिष्ठ प्रमाणबाट आफ्नो निर्दोषिता प्रमाणित गराउन नसकेको परिप्रेक्ष्यमा यी पुनरावेदक प्रतिवादीले अदालतमा भनेको बेहोरा साँचो भएको भए पीडित जाहेरवालीले सो कुराको समर्थन गर्नुपर्नेमा समर्थन गरेको नदेखिएको एवं प्रतिवादीले पीडित जाहेरवाली परिवर्तित नाम जाजरकोट ६३(क) लाई विवाह गरेको बहाना गरी घुमफिर गर्ने र पछि फर्की आउने भनी काठमाडौंबाट कपिलवस्तु कृष्णनगर नाका हुँदै भारत प्रवेश गर्न लागेको अवस्थामा पीडितको उद्धार गरिएको भन्ने देखिएको छ । मिति २०७२।८।२७ मा विवाह गरे जस्तो गरी पीडितलाई जाल परिपञ्च रची विश्वासमा पारी काठमाडौंका विभिन्न होटलमा एक हप्ता राखी भारतको गाजियावाद घुम्न जाने र पछि काठमाडौं फर्किने सल्लाह गरी लिई गएकोमा

निज बोर्डरमा पक्राउ परे पनि निजले यी पीडितलाई बेच्ने उद्देश्यले रूपा मगरसँग मिली आफ्ना दुईटी श्रीमती हुँदाहुँदै विवाहको नाटक रची मन्दिरमा गई विवाह गरी घुम्न जाने बहाना बनाई ललाई फकाई भारतमा लगी पीडितलाई बेचबिखन गर्ने मनसायले नै भारत लैजान लागेको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट समर्थित भइरहेकोले केवल घुम्नकै लागि भारत जान लागेको हो बेचबिखन गर्न लगेको होइन, मेरो अदालतमा भएको बयानलाई मध्यनजर नगरी केवल मेरो मौकामा भएको बयान कागजलाई र जाहेरवालीको मौकाको बयानलाई मात्र दृष्टिगत गरी मलाई कसुरदार ठहऱ्याई सजाय हुने गरी गरिएको सुरूको फैसलालाई सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्ने पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिरसँग मिसिल सम्बद्ध आधार प्रमाणबाट सहमत हुन नसकिने।

जाहेरवालीले मौकामा अदालतमा प्रमाणित गरेको बयानलाई प्रामाणिक महत्त्व दिई प्रतिवादीउपरको अभियोग पुष्टि हुने गरी सुरू अदालतहरूले गरेको फैसलालाई अन्यथा भयो भनी भन्न सक्ने अवस्था नदेखिने।

पीडितको अदालतबाट प्रमाणित भएको बयान बेहोरा, बुझिएका व्यक्ति होटलवाला ढुण्डिराज अधिकारी र बुझिएकी सुनिता सारूसमेतले अदालतमा गरेको बकपत्रसमेतका आधार, कारण र तथ्यहरूबाट यी पुनरावेदक प्रतिवादी अनुप भन्ने निसान गुरूङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसुरमा सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम कैद वर्ष १० (दश) र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने र ऐजन ऐनको दफा १७ बमोजिम पीडित जाजरकोट ६३(क) ले प्रतिवादीबाट रू. ५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराई लिन पाउने ठहरी भएको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७२।१२।२१ को फैसलालाई सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७३।१२।२२ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : मुकुन्द आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७७ साल मङ्सिर ५ गते रोज ६ शुभम्।